"पानीको सही सदुपयोग गरी सभ्य नागरिकको परिचय दिउँ ।"

# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर, चितवन




# वार्षिक प्रतिवेदन

## आ.व. २०७५/०७६

www.bwsmb.org.np | info@bwsmb.org.np



# मन्तब्य

भरतपुर खानेपानी व्यवस्थापन बोर्डले भरतपुर महानगरपालिकाभित्रका क्षेत्रहरुमा व्यवस्थित ढंगले शुद्ध पिउने पानीको प्रवाह भरपर्दो र पारदर्शी ढंगले अगाडी बढाई रहेको सबैलाई बिदितै छ। बिगतमा सानो क्षेत्रबाट सेवा बिस्तार गरेको बोर्डले हालका दिनहरुमा पानीको शुद्धता, गुणस्तरिय र भरपर्दो ढंगले सेवा बिस्तार गरिरहेको छ भने सम्पूर्ण नगर बासीलाई शुद्ध पिउने पानीको पहुँच पुऱ्याउने उद्देश्यका साथ योजनाबद्ध ढंगले अगाडी बढीरहेको छ ।

भरतपुर महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई क्षेत्रलाई नियमित व्यवस्थित, गुणस्तरयुक्त र सुलभ वनाई महानगरवासीलाई भरपर्दो शुद्ध पिउने पानीको सेवा प्रदान गर्ने गराउने उद्देश्यले गठन भएको यस वोर्डले, आफ्नो सेवालाई निरन्तर रुपमा व्यवस्थित गर्दै विस्तार सहित समयानुकुल प्रविधिमैत्री वनाउदै पनि लगिरहेको छ। जसको पुष्टी सेवाग्राहीहरुबाट प्राप्त सन्तुष्टी र यसको ब्यापक मागले समेत गरेको छ। व्यवस्थित र गुणस्तरयुक्त खानेपानीको बिषयमा अबका दिनहरुमा त्यति धेरै चर्चा परिचर्चा गरिरहन जरुरत नपर्ने पनि हुन सक्छ, किनकी खानेपानीको महत्व, आवश्यकता र संवेदनशिलताका विषयमा आम नागरिक सुसूचित भैईसकेको अवस्था छ । तथापि, पानी जिवात्माको लागि अति आवश्यक र मानव मात्रको नैसर्गिक अधिकार र स्वास्थ्यका दृष्टिकोणले त्यति नै संवेदनशिल वस्तु पनि भएकोले यसको परिमाणात्मक र गुणात्मक दुबैको उचित व्यवस्थापन गर्नु भनेको कम चुनौती र गाम्भिर्यताको विषय भने पक्कै होईन । यस वोर्डले आफ्नो गठन कालदेखी नै यस महानगरपालिका क्षेत्रमा प्रदान गर्दै आईरहेको निरन्तर विस्तार सहितको सेवा र सेवाको प्रभावकारीताका लागि आफ्ना महत्वपूर्ण ग्राहकहरुवाट प्राप्त सल्लाह, सुझाव र सूचनाहरुलाई उच्च प्राथमिकता दिँदै आफ्नो उद्देश्य प्राप्तीमा सदैव सचेत र चनाखो रहँदै आएको छ। आगामी दिनहरुमा पनि महानगरभित्रको खानेपानी सेवालाई विस्तार गर्दै अझ व्यवस्थित, गुणस्तरयुक्त र प्रविधिमैत्री वनाउदै लगिने कुरामा यस वोर्ड सदैव लागि पर्ने कुरामा दुई मत रहने छैन। ग्राहकहरुको सूचनाको हकका लागि पनि र यस वोर्डले वार्षिक रुपमा हासिल गरेका प्रगती, उपलब्धी र नयाँ विस्तारको सम्वन्धमा वार्षिक प्रतिवेदन मार्फत सवैमा जानकारी गराउने परम्परा रहि आएकोले आ.व. २०७५।७६ सम्म आईपुग्दा महानगरमा खानेपानीको बर्तमान अवस्था र वोर्डको भावी कार्य योजनालाई पनि समेटेर तयार गरिएको वार्षिक प्रतिवेदन यहाँहरुलाई उपलव्ध गराउन पाउँदा भरतपुर खानेपानी व्यवस्थापन वोर्डको अध्यक्षको रुपमा मलाई अत्यन्त खुशी लागेको छ। आउँदा दिनहरुमा पनि बिगतकाझैँ र यहाँहरुको अमुल्य सुझाव, सहयोग र सकरात्मक टिप्पणीको अपेक्षा गर्दै सवैमा आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद्।

मितिः २०७६ आश्विन

.......................
(रेनु दाहाल)
अध्यक्ष
भरतपुर खानेपानी व्यवस्थापन बोर्ड
भरतपुर, चितवन



# मन्तब्य

विश्व पारिस्थितिक प्रणालीको एक अभिन्न तत्व पानी, समग्र जीवजगतको लागि बाँच्ने महत्वपूर्ण आधार हो । त्यसैले पनि, पानी सबैको लागि अत्यन्त आवश्यक, अति नै संवेदनशिल र नैसर्गिक अधिकारको वस्तु हो । यस्तो अपार महिमाको वस्तु पानीलाई निश्चित श्रोतबाट अनेकन धरातल र माध्यम हुँदै निर्धारित मापदण्डको गुणस्तर र आवश्यक परिमाणमा व्यवस्थित तवरले उपभोक्ताहरुको घर आँगनसम्म पुरयाउने काम चानचुने चुनौतीपूर्ण पक्कै हुँदैन । यति गहन जिम्मेवारीको क्षेत्रमा काम गर्ने जुनकुनै निकाय र निकाय अन्तर्गत रही काम गर्ने जो कसैको लागि पनि अति जिम्मेवारीपूर्ण र चुनौतीयुक्त काम हुन्छ सधैं । तथापि आफ्ना अर्थपूर्ण उपभोक्ताहरुको सेवामा निरन्तर खट्दै हाल कायम अठ्ठाईस हजार को हाराहारीमा रहेका ग्राहकहरुलाई नेपाल खानेपानी गुणस्तर मापदण्डले निर्धारण गरे बमोजिमको गुणस्तर र माग अनुसारको पानी व्यवस्थापन गर्न यस वोर्ड धेरै हद सम्म सफल रहेको कुरा यहाँ उल्लेख गर्दा अत्युक्ति नहोला ।

यस वोर्डको सेवा क्षेत्र भित्र बसोबास गर्ने कुनै पनि सेवाग्राहीहरुलाई खानेपानीको गुणस्तर र परिमाणको बिषयलाई लिएर कार्यालयमा गुनासो र उजुरि गर्नु पर्ने अवस्थाको सिर्जना नहोस भन्ने ध्येयले सेवा प्रबाह गर्न प्रयासरत रहँदा रहँदै पनि कतिपय अवस्थाहरुमा भने त्यस्तो सम्भव भएन होला । बिशेष गरेर, सडक ढल निर्माण, सडक चौडाई विस्तार वा बिद्युतीय खम्बा प्रतिस्थापन गर्दा सम्बन्धित निकायहरुले पूर्व जानकारी नगरि भारी उपकरणको प्रयोग मार्फत बिकास निर्माणका कार्य गर्ने परम्पराले खानेपानी सेवा प्रभावित हुन पुगेका छन । यस प्रकृतिका बिकास निर्माणका क्रममा खानेपानी वितरण प्रणालीका मूख्य पाईपहरु काटिँदा, भाँच्चिदा र चुँडिदा तत्कालै मर्मतको व्यवस्था गर्नु पर्दा लाग्ने समयका कारण सेवा प्रभावित हुन पुगे । साथै कहिले लामो अवधिसम्म र पटक पटकको बिद्युत आपूर्तिमा कटौती हुँदा बिद्युतको विकल्प डिजल जेनेरेटर को व्यवस्था भई नसकेका स्टेशनहरुमा डिप बोरीङ्ग मार्फत पानी उत्पादन अवरुद्ध हुन पुगे । नियमित पानी उत्पादनमा अवरुद्ध हुँदा सेवा प्रबाहमा प्रतिकूल प्रभाव पर्न गए । त्यस्तै सुख्खायाम र गर्मीका समयमा पानीको अधिकतम खपत हुने र कतिपय उपभोक्ताहरुले खानेपानीको वितरण पाईप लाईनबाट मोटर लगाई पानी प्रयोग गर्दा पनि छिमेकी उपभोक्ताकोमा पानी आपुर्ति प्रभावित हुन पुगे । तथापी जटिल परिस्थितिहरुमा पनि विकल्पहरुको खोजी गर्दै ग्राहकहरुलाई खानेपानीको सहजता प्रदान गर्न र गुणस्तरयुक्त पानी वितरणमा वोर्ड निरन्तर लागि नै परेको व्यहोरा यहाँ स्मरण गराउन चाहान्छौं ।

ग्राहकबर्ग र शुभचिन्तकहरुबाट प्राप्त सूचना, सुझाव र अपेक्षाका आधारमा सेवालाई समयानुकुल र थप प्रभावकारी बनाउन वोर्ड सधैं प्रयासरत रहँदै आएको छ । वोर्डको प्रभावकारी सेवा प्रबाह र विश्वसनीयताका लागि आबश्यक सल्लाह, सुझाव र प्रतिकृया दिने, वोर्डको नीति बिपरित खानेपानीको प्रयोग गर्नेहरुको गोप्य सूचना दिने, पाईप लाईन फुटेर लिकेज/सिपेजको सूचना दिने सबै सेवाग्राही र शुभचिन्तकहरु प्रति यस बार्षिक प्रतिवेदन मार्फत आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहान्छौ ।

विगतका बर्षहरुमा झैं यो बर्ष पनि यस वोर्ड अन्तर्गतका बिबिध गतिविधि, तथ्याङ्क, लक्ष्य, प्रगति, आम्दानी र खर्च विवरण, नीति, कार्यक्रम आदि सबै बिषयवस्तु समेटिने गरि वोर्डको आ.ब.२०७५।०७६ को बार्षिक प्रतिवेदन तयार गरि प्रकाशन गरेका छौं । प्रतिवेदन मार्फत यस वोर्डको सम्पूर्ण गतिविधिका सम्बन्धमा सेवाग्राही लगायत सरोकारवाला सबैमा जानकारी गराउने अभिप्राय रहेको छ ।

प्रतिवेदन तयार र प्रकाशन गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने यस वोर्डका सम्पूर्ण कर्मचारीहरु लगायत विवरण तयारी र संकलनमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने सहायक प्रशासन अधिकृत संजय बराल, इन्जिनियर अधिकार चालिसे, वरिष्ठ लेखा सहायक कृष्ण प्रसाद भट्ट र महेश कोईराला साथै प्रशासन सहायक बालकृष्ण उप्रेती र प्राविधिकद्धय राम प्रसाद दुवाडी एबं दिपक शर्मा पौडेललाई बिशेष धन्यवाद ।

२०७६ असोज

...............................
(प्रजापति दाहाल)
कार्यकारी निर्देशक
भरतपुर खानेपानी व्यवस्थापन बोर्ड
भरतपुर, चितवन



# मन्तब्य

मानव जीवनमा वहुआयमिक प्रभाव पार्ने खानेपानी तथा सरसफाई सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाई सम्बन्धि स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । आधारभुत मानव अधिकारको रुपमा स्थापित भएको यस क्षेत्रमा रहेर सेवा र सहयोग गर्न पाउँदा हामीलाई गौरव महशुस भएको छ ।

खानेपानी व्यवस्थापन वोर्ड ऐन,२०६३ को दफा ३२, भरतपुर खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६६को नियम ८(छ) , सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र नियमावली २०६५ को नियम ३ मा रहेका कानुनी प्रावधानका अतिरिक्त लोकतान्त्रिक पद्धति अनुरुप सार्वजनिक संगठनका काम कारवाही खुला र पारदर्शी वनाई नागरिकप्रति जवाफदेयी र जिम्मेवार वनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज वनाउने जिम्मेवारीवोधका साथ यो वार्षिक प्रतिवेदन यहाँहरुसामु प्रस्तुत गरिएको छ ।

आ.व २०७६।०७७ को वजेटमार्फत यस वर्ष ९२ प्रतिशत जनसंख्यालाई आधारभुत खानेपानी सेवाको पहुँच पु¥याउने र १५ औं योजनाको आधारपत्रमा समेत योजनाको अन्त्यसम्ममा खानेपानीको सेवा पुगेको जनसंख्याको प्रतिशत ८८ वाट बढाएर ९९ पु¥याउने लक्ष्य राखेको छ भने हाल वोर्डले महानगरभित्रका ४४ प्रतिशत जनसंख्यालाई मात्र आफ्नो सेवा पु¥याउन सकेको परिप्रेक्ष्यमा भरतपुर खानेपानी व्यवस्थापन वोर्डले पनि राष्ट्रिय वजेट र योजनाका लक्ष्यहरुसँग तालमेल मिल्ने गरी आफ्ना योजनाहरु अघि वढाउनुपर्ने देखिन्छ ।

बढ्दो बसाई सराइका कारण भरतपुर महानगरपालिकामा विकसित हुँदै गएको तीब्र शहरीकरण र सडक विस्तारको कार्यसँगै ढल निकासको व्यवस्थापन सँगसँगै खानेपानीको अत्याधिक माग भएको यस परिवेशमा सिमित साधन स्रोतका बावजुत खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्नु वोर्डको हालको प्रमुख चुनौती रहेको छ । यस प्रतिवेदनमा वोर्डको पृष्ठभूमि, गठन, हालसम्मका मुख्य नीतिगत एवं व्यवस्थापकीय कार्यहरु, वर्तमान तथा भावी कार्ययोजना, नीति कार्यक्रम र प्रमुख सूचकहरु जस्ता तत्वहरु समावेश गरिएका छन । प्रतिवेदनमा सकेसम्म वोर्डको यथार्थ चित्रण प्रस्तुत गर्ने प्रयास गरिएको छ । प्रतिवेदनलाई यस रुपमा ल्याउन प्रत्यक्ष वा अप्रत्यक्ष योगदान पु¥याउनुहुने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा थप सहयोग र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

..................................

संजय बराल

प्रशासन शाखा प्रमुख एवं

सूचना अधिकारी

भरतपुर खानेपानी व्यवस्थापन वोर्ड

# पृष्ठभूमि

पृष्ठभूमि १
जनसंख्या र घरसंख्या प्रक्षेपण तालिका १
भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठन २
उद्धेश्य, कार्यक्षेत्र तथा बोर्डको गठन: २
कार्यसमिति सम्बन्धि व्यवस्था : २
बर्तमान कार्यसमितिका सदस्यहरु: २
हालसम्मका मुख्य नीतिगत एवं व्यवस्थापकीय कार्यहरु: ३
क्षमता विस्तार: ३
चुहावट नियन्त्रण : ४
शहरी तथा वातावरणीय सुधार परियोजनाको संक्षिप्त विवरण ४
खानेपानी सेवा प्रणालीको संक्षिप्त विवरण: ५
वर्तमान खानेपानी सुविधाको स्थिति ७
बोर्डको बर्तमान तथा भावी कार्ययोजना: ८
कर्मचारी व्यवस्था: ९
वोर्डको आ.व. २०७४।०७५को आय व्ययको स्थिति : १०
आ.व.२०७५/०७६ मा बोर्डवाट गरिएका मुख्य कार्यहरु ११
भरतपुर खानेपानी आयोजना सुधार विस्तार : १२
भरतपुर खानेपानी आयोजना मर्मत सुधार : १२
धनगाडा खानेपानी आयोजना : १४
प्रेमवस्ती कालीका खानेपानी आयोजना : १४
कैलाशनगर खानेपानी आयोजना १५
आनन्दपुर खानेपानी आयोजना १५
पटिहानी खानेपानी आयोजना १५
मंगलपुर खानेपानी आयोजना १५
जखडिमाई खानेपानी आयोजना १५
देवनगर खानेपानी आयोजना १६
फर्निचर तथा फर्निसिङ्ग सामाग्री खरीद १६
कार्यालय भवन मर्मत तथा सेड निर्माण १६
वातावरणीय सरसफाई कार्यक्रम: १६
तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम : १७
खानेपानी सुरक्षा योजना (Water Safety Plan) १८
आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम: १८
नीति १८
कार्यक्रम १९
भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु २०
औसत खपत अंक: २०
औसत बिलिङ्ग रकम: २१
महशुल असुली तथा बक्यौताको स्थिति: २१
प्रमुख सूचकहरु (Key Performance Indicators) २२
अनुसूची १ २४

## पृष्ठभूमि

नेपालको दक्षिण केन्द्र भागमा अवस्थित चितवन जिल्लाका सात स्थानीय तहहरु मध्येको एक मात्र महानगरपालिका हो भरतपुर महानगरपालिका । जिल्लाका स्थानीय तहहरुमध्ये अगुवा स्थानीय तहको रुपमा रहेको भरतपुर महानगरपालिकाले विभिन्न आरोह अवरोह पार गर्दै वर्तमान स्वरुप प्राप्त गरेको हो । पूर्वमा रत्ननगर नगरपालिका, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज र नवलपुर जिल्ला, उत्तरमा ईच्छाकामना गाउँपालिका र तनहुँ जिल्ला साथै दक्षिणमा चितवन राष्ट्रिय निकुञ्जले घेरिएर रहेको यस महानगरपालिका देशमा सबै ६ वटा महानगरहरु मध्ये क्षेत्रफलको हिसाबले दोश्रो र जनसंख्याको हिसाबले तेश्रो ठूलो महानगर पालिका हो । राष्ट्रकै केन्द्र भागमा अवस्थित भरतपुर महानगरपालिकाका जलश्रोतको प्रशस्तै सम्भावना बोकेको र जनसंख्या बृद्धिदर पनि उच्च रहेको महानगरापलिका हो । मध्य नेपालमा अवस्थित चितवन जिल्लाको सदरमुकामको रुपमा रहेको भरतपुर नगर पालिकाको स्थापना वि.सं. २०३५ सालमा भएको थियो । साबिक भरतपुर नगरपालिका (वडा नम्बर १-१४) मा छिमेकी पाँच गा.वि.स.हरु मंगलपुर, फुलबारी, गितानगर, शिवनगर र पटिहानी लाई गाभेर नेपाल सरकारले मिति २०७१।८।१६ मा भरतपुर उप–महानगरपालिका घोषणा गरे पश्चात उप–महानगरपालिकामा २९ वटा वडाहरु रहेका थिए । पुन: मिति २०७३।११।२७ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले साविकका नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलाश गा.वि.स समेत थप गरी महानगरपालिकामा स्तर उन्नति गरेपछि हाल भरतपुर महानगरपालिकामा २९ वटा वडाहरु रहेका छन । राष्ट्रिय जनगणना २०६८ अनुसार २०६८ आषाढ मसान्तको भरतपुर महानगरपालिका (वडा न. १-१४) को घरसंख्या २४,१४३, जनसंख्या १,४३,८३६ र बार्षिक जनसंख्या बृद्धिदर ४.७६ थियो । साथै थप भएका पाँच गा.वि.स. हरुको २०६८ आषाढ मसान्त सम्मको घरसंख्या ११,७९१, जनसंख्या ५६,०३१ र औसत बार्षिक जनसंख्या बृद्धिदर १.५१ थियो । यसैगरी पछिल्लो पटक थप भएका नारायणी न.पा, चित्रवन न.पा र कविलाश गा.वि.स हरुको २०६८ आषाढ मसान्तसम्मको जम्मा घरसंख्या १८५३६, जनसंख्या ८०६३५र औसत बार्षिक जनसंख्या बृद्धिदर करीब १.५१ थियो । उल्लेखित जनसंख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा २०७५ आषाढ सम्मको भरतपुर महानगरपालिकाको कुल जनसंख्या ३,६२,७३१ र घर संख्या करिब ६९,२१३ हुन आउँछ ।

**जनसंख्या र घरसंख्या प्रक्षेपण तालिका**

| मिति | क्षेत्र | वि.स. २०६८ असार | | जनसंख्या | वि.स. २०७६ असार | |
|---|---|---|---|---|---|---|
| | | घर संख्या | जनसंख्या | वृद्धि दर | जनसंख्या | घर संख्या |
| २०७१।८।१६ | साविक भ. न. पा., वडा नं. १ देखि १४ सम्म | २४१४३ | १४३८३६ | ४.७६ | २०८६५६ | ३५०२३ |
| २०७१।८।१६ | छिमेकी पाँच गा.वि.स.हरु मंगलपुर, फुलबारी, गितानगर, शिवनगर र पटिहानी समेत | ११७९१ | ५६०३१ | १.५१ | ६३१६८ | १३२९३ |
| २०७३।११।२७ | साविकका नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलाश गा.वि.स समेत | १८५३६ | ८०६३५ | १.५१ | ९०९०७ | २०८९७ |
| | कूल | ५४४७० | २८२५७० | | ३६२७३१ | ६९२१३ |

खानेपानी तथा ढल निकास विभागवाट वि.सं. २०३३ देखि जुगेडी खोलावाट भरतपुरमा खानेपानी आपुर्तिको शुरुवात शुरु भएको हो । जापान सरकारको सहयोगमा वि.सं. २०५० सालमा दुइवटा ट्यूबवेल, रामनगर फिल्टर प्लाण्ट, १६०० घ.मी.को पानीपोखरी र थप वितरण पाईप लाईन निर्माण गरि आयोजनाको सुधार विस्तार गरियो । यो आयोजना वि.सं. २०५६ श्रावण १ गतेदेखि नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरियो । बि.सं.२०६१ मा जुगेडी प्रणाली बाढिबाट क्षतिग्रस्त भई रामनगर र देबघाट क्षेत्रको सेवा अवरुद्ध बन्न पुग्यो । संस्थानले त्यसको उचित मर्मत संभार र समयानुकुल सेवा प्रणालीको विस्तार गर्न सकेन । सेवा विस्तारको लागि तात्कालिन भरतपुर नगरपालिकाले खानेपानी व्यवस्थापन वोर्ड मार्फत खानेपानी सेवा सञ्चालन गर्ने र सरकारले खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ति तथा दायित्व भरतपुर खानेपानी ब्यवस्थापन बोर्डमा हस्तान्तरण गराईदिने गरि शहरी तथा वातावरणीय सुधार परियोजना (Urban and Environmental Improvement Project, UEIP) अन्तर्गत नेपाल सरकारको ऋण तथा अनुदानमा भरतपुर खानेपानी आयोजनाका नयां संरचनाहरुको निर्माण कार्य गरिएको हो । यो आयोजना आ.ब. २०६२।०६३ मा शुरु भई आ.ब.२०६७।०६८ मा सम्पन्न भएको हो ।

# भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठन

## उद्धेश्य, कार्यक्षेत्र तथा बोर्डको गठनः

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्य सहित सम्बन्धित नगरपालिकाको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि नेपाल सरकारलाई खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस ऐन अन्तर्गत गठन हुने बोर्ड एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था रहने व्यवस्था छ । तत्कालिन भरतपुर नगरपालिकाको सिफारिसमा खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ को दफा ३(१) बमोजिम नेपाल सरकार तात्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय), माननिय मन्त्रिस्तरको मिति २०६४।०५।३१ गतेको निर्णय अनुसार भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो । नेपाल सरकारले मिति २०६७।०१।०६ को राजपत्रमा बोर्ड गठनको सूचना प्रकाशित गरि सम्पुर्ण भरतपुर नगरपालिका क्षेत्रलाई बोर्डको कार्य क्षेत्र तोकेको छ । नेपाल सरकारले भरतपुर नगरपालिकालाई महानगरपालिका घोषणा गरे पश्चात यस महानगरपालिकाको सम्पुर्ण क्षेत्र नै यस बोर्डको कार्यक्षेत्र हुन गएको छ । बोर्डले नेपाल सरकारसँग भौतिक योजना तथा निर्माण मन्त्रालय (हालको खानेपानी तथा सरसफाई मन्त्रालय) मार्फत सम्पर्क गर्नुपर्ने व्यवस्था छ ।

## कार्यसमिति सम्बन्धि व्यवस्थाः

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ ले बोर्डको कार्यकारी समितिमा भरतपुर महानगरपालिकाको प्रमुख-१, स्थानिय उद्योग बाणिज्य संघको अध्यक्ष-१, नेपाल सरकारको प्रतिनिधि-१, गरि ३ जना पदेन सदस्य र बोर्डबाट मनोनित स्थानीय उपभोक्ता संघको अध्यक्ष-१, खानेपानी क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि-१, र सम्बन्धित क्षेत्रको विज्ञ सदस्य-१ गरि ३ जना मनोनित सदस्य रहने व्यवस्था गरेको छ । सम्बन्धित मन्त्रालयले नेपाल सरकारको प्रतिनिधिको रुपमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवनका प्रमुखलाई बोर्ड सदस्य तोकेको छ । मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुने, सदस्यहरुमध्येबाट अध्यक्षको चयन गर्ने, बोर्डले खुल्ला प्रतिस्पर्धाको प्रक्रियाबाट प्रतिस्पर्धा गराई कार्यकारी निर्देशक छनौट गरि नियुक्ती गर्ने र नीजले बोर्डको सचिव भई काम गर्ने कानूनी व्यवस्था छ ।

## बर्तमान कार्यसमितिका सदस्यहरुः

### पदेन सदस्यहरु:

क) अध्यक्ष: भरतपुर महानगरपालिकाका प्रमुख, श्री रेनु दाहाल

ख) सदस्य: संघीय खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, चितवनका आयोजना प्रमुख, श्री नारायण प्रसाद काफ्ले

ग) सदस्य: उद्योग बाणिज्य संघ चितवनका अध्यक्ष, श्री सहन लाल प्रधान

### मनोनित सदस्यहरु:

घ) सदस्य: स्थानीय उपभोक्ताका संघको तर्फबाट प्रतिनिधि: श्री भिम नारायण पौडेल

ङ) सदस्य: खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको तर्फबाट प्रतिनिधि: श्री बिश्वनाथ ओझा

च) सदस्य: खानेपानी तथा सरसफाई क्षेत्रको विज्ञ तर्फबाट प्रतिनिधि: श्री नीर प्रसाद लामिछाने

## हालसम्मका मुख्य नीतिगत एवं व्यवस्थापकीय कार्यहरुः

- "भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- "कर्मचारी प्रशासन विनियमावली २०६९" र "आर्थिक प्रशासन विनियमावली २०६९" तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको ।
- मिति २०६९।०५।२० मा नेपाल खानेपानी संस्थान, भरतपुर शाखाको सम्पत्ती र दायित्व बोर्डमा हस्तान्तरण गरि लिएको ।
- जनश्रमदान वापत तत्कालको लागि भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार र शुरुको सापटी रु. १ लाख समेत गरी जम्मा रु. २ करोड ११ लाख १५ हजार तात्कालिन उपमहानगर पालिकालाई फिर्ता गरिएको ।
- नेपाल खानेपानी संस्थान सरहको खानेपानी महशुल तथा अन्य सेवा शुल्क वापतको दरलाई समयसापेक्ष पुनरावलोकन गरी मिति २०७० फागुन १ गते देखि खानेपानी महशुल निर्धारण आयोगबाट स्वीकृत प्राप्त नयाँ महशुल तथा सेवा शुल्कहरु लागु गरिएको ।
- वोर्डको वार्षिक वजेट, कार्यक्रम, प्रगति, आम्दामी, खर्च र लेखा परिक्षण प्रतिवेदन समावेश गरिएको वार्षिक प्रतिवदेनहरु खानेपानी मन्त्रालयमा पठाउने व्यवस्था रहेको ।
- उल्लेखित सबै प्रतिवेदनहरु बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिने व्यवस्था रहेको ।
- बोर्डको बार्षिक नीति र कार्यक्रम, स्वीकृत वजेट, बार्षिक प्रगति, बिनियोजित बजेट तथा खर्च र नागरिक वडापत्रको फ्लेक्स बोर्ड बनाई सबैले देख्ने स्थानमा टाँगेर राख्ने गरिएको ।
- कर्मचारीहरुको विद्युतीय हाजिरी प्रणाली लागु गरिएको ।
- बोर्डको संगठनात्मक ढाँचा र दरबन्दी तालिका पुनरावलोकनको प्रक्रियामा रहेको ।
- कर्मचारी पदपुर्ती सम्बन्धि निर्देशिका तयार भई स्वीकृत भएको ।
- बोर्ड मार्फत प्रदान गरीने सेवा सुबिधा सम्बन्धि "नागरिक वडापत्र" कार्यालयमा सबैले देख्ने गरी टाँसेर राखिएको

### क्षमता विस्तारः

- प्रेमबस्ती, नारायणपुर, गौरीगंज, तोरीखेत, कैलाशनगर, लक्ष्मीपुर, आनन्दपुर, धनगाडा, जखडीमाई, मङ्गलपुर र पटिहानीमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चितवन, भरतपुर महानगरपलिका तथा स्थानीय उपभोक्ताहरुसंगको समन्वय र आन्तरिक साझेदारीमा खानेपानी प्रणालीहरु क्रमश: विस्तार गर्दै लगिएको ।
- उपभोक्ता र बिभिन्न संस्थाहरुको सहयोगमा हालसम्म बोर्डलाई १२ कठ्ठा १५ धूर जग्गा निशुल्क प्राप्त भएको ।
- धनगाडामा ३, पटिहानीमा २, कैलाशनगरमा २, प्रेमबस्तिमा १ कठ्ठा ५ धूर र देवनगरमा ३ कठ्ठा ११ धूर गरि जम्मा ११ कठ्ठा १६ धूर जग्गा वोर्डको नाउँमा खरीद गरिएको ।
- लक्ष्मीपुर राममन्दिर सँगै जग्गा मन्दिरकै स्वमित्वमा रहने गरी करिव १५ धुर र डिभिजन सिचाई कार्यालयकै स्वामित्वमा रहने गरी रामपुरमा वोर्डले भोगचलन गर्ने गरी जग्गा प्राप्त गरी डीप बोरिङ्गहरु समेत निर्माण भै सकेको ।
- भरतपुर ११ को जखडीमाईमा अवस्थित श्री जखडीमाई प्राथमिक स्कूलको स्वामित्वमा रहेको जग्गामध्येबाट जग्गा स्कुलकै स्वमित्वमा रहने गरी खानेपानीको ट्याङ्की लगायत अन्य संरचनाहरु निर्माणका लागि ४ कठ्ठा क्षेत्रफल प्राप्त गरी डीप बोरिङ्ग, प्यानल बोर्ड घर, चेनपुल्ली स्ट्याण्ड निर्माण भै सकेको ।

- नयाँ सेवा क्षेत्रमा ११ वटा र पुरानो सेवा क्षेत्रमा ७ गरि जम्मा १८ वटा डिप ट्युबवेलहरुको निर्माण गरिएको ।
- रोज गार्डेन र जखडीमाई गरी दुई वटा सेवा प्रणालीको सम्पत्ति र दायित्व हस्तान्तरण गरि लिईएको ।
- दैनिक पानी उत्पादन क्षमता १ करोड ८७ लाख लिटरबाट २ करोड ५ लाख लिटर पुऱ्याईएको ।
- पुरानो र नयाँ प्रणालीमा गरी जम्मा ३१२.१५५ कि.मि. थप वितरण लाईन बिस्तार गरिएको ।
- उपभोक्ता समिति मार्फत संचालित रोज गार्डेन खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७३ जेष्ठ महिना देखि वोर्डको स्वामित्वमा आएको । यस आयोजना अन्तर्गत १० धुर जग्गा, डिप ट्युबबेल- १, २५ के.भि.ए.को ट्रान्सफर्मर-१, ४.५५ कि.मि. वितरण पाईपलाईन, पम्प घर र ग्राहक संख्या १६७ रहेको ।
- यस्तै उपभोक्ता समिति मार्फत संचालित जखडीमाई खानेपानी आयोजना बोर्डमा हस्तातरण भई २०७४ फाल्गुण महिना देखि वोर्डको स्वामित्वमा आएको । यस आयोजना अन्तर्गत ४ कठ्ठा जग्गा, डिप ट्युबबेल- १, ३.६ कि.मि. वितरण पाईपलाईन, भण्डार घर- १ र ग्राहक संख्या १६७ रहेको ।
- वितरण लाईन जडान भएका स्थानहरुमा ग्राहकले मागेकै दिनमा धारा स्वीकृत गरि सुख्खा समयमा ४,५ दिन भित्र र अन्य समयमा १,२ दिन भित्रमानै नयाँ धारा जडान गरिँदै आएको ।
- यस आ.ब. मा कूल २६४० ग्राहकहरुको घरमा नयाँ धाराहरु जडान गरिएको ।

## चुहावट नियन्त्रणः


- पानी दुरुपयोग गर्ने ग्राहकहरुमध्ये यस आ.व. मा ३१ जनाबाट रु. ३,००,४२० थप महशुल संकलन गरिएको ।
- पानी दुरुपयोग गर्ने बिभिन्न ३१ जनाबाट ग्राहकहरुबाट थप महशुल स्वरुप रु. ३,००,४२० संकलन भएको ।
- असार अन्तसम्ममा रु. दश हजार भन्दा माथि बक्यौता महशुल रहेका ग्राहकहरु लाई पत्रमार्फत ताकेता गरिएको ।
- मिटर नभएका ग्राहकहरुको संख्या १० प्रतिशतबाट ०.५ प्रतिशतमा मा झारीएको, शत प्रतिशत मिटरिङ्ग गर्ने उद्धेश्य हुँदाहुँदै केहि सरकारी कार्यालयहरु मिटर राख्न ईच्छुक नदेखिएकोले १००% मिटरिङ्ग हुन नसकेको ।
- सबै ग्राहकहरु नम्बरिङ्ग गरिएकोले मिटर रिडिङ्ग कार्य बढि प्रभावकारी भएको ।
- उल्लेखित प्रयास स्वरुप बोर्डले सेवा प्रणाली लिएको समयमा चुहावट दर २८% बाट यस आ.ब.को अन्तसम्म २४% मा झरेको छ, प्राविधिक कारणले सामान्यत: चुहावट दर २०% भन्दा कम गर्न धेरै नै मुश्किल पर्ने देखिन्छ ।

## शहरी तथा वातावरणीय सुधार परियोजनाको संक्षिप्त विवरण


- आयोजनाको कूल खर्च: रु. २६ करोड २६ लाख ८८ हजार ।
- नेपाल सरकारको अनुदान: रु. १६ करोड २८ लाख ६६ हजार ।
- भरतपुर नगरपालिकाले नेपाल सरकारबाट प्राप्त ऋण: रु. ७ करोड ८८ लाख ६ हजार ।
- जनश्रमदान बापत बोर्डले उपभोक्ताबाट संकलन गर्नुपर्ने रकम मध्ये भरतपुर महानगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम: २ करोड ११ लाख १५ हजार (यो रकम हाल फिर्ता भईसकेको) ।
- यो प्रणाली बोर्डबाट संचालन हुँदै आएको छ । विधिवत रुपमा नगरपालिकाबाट हस्तान्तरण भई सकेको छैन । बोर्डले सेवा प्रणालीसंग जोडिएको ऋण तिर्ने प्रतिबद्धता सहितको संझौताको ड्राफ्ट तयार गरि भरतपुर महानगरपालिकालाई पठाईसकिएको छ ।

## खानेपानी सेवा प्रणालीको संक्षिप्त विवरणः

यस बोर्ड अन्तर्गत तालिका नं. १ अनुसार ह्रासकट्टी कटाएर संस्थानबाट प्राप्त ११ करोड १४ लाख २९ हजार ०१८, भ.न.पा.को शहरी तथा वातावरणीय सुधार परियोजनाबाट प्राप्त २२ करोड १० लाख ६६ हजार ०८५ र बोर्डले आफ्नो आन्तरिक श्रोत र अन्य सहयोगी संस्थाहरुको सहयोगमा निर्माण गरेको २५ करोड ३० लाख ३२ हजार ९५१ गरी जम्मा रु. ५८ करोड ५५ लाख २८ हजार ०५४ वरावरको सम्पत्ति छ । उक्त सम्पत्ति सँगै रु. ७ करोड ८८ लाख ६ हजार वरावरको ऋणको साँवा तथा ब्याजको दायित्व छ ।




### डिप ट्युब वेल




### पाइप लम्बाई (कि.मि)

| विवरण | नेपाल खानेपानी संस्थानबाट प्राप्त | तात्कालिन भ.उ.म.न.पा. बाट प्राप्त (UEIP Project) | बोर्डबाट निर्मित (भ.म.न.पा., उ.स. र अन्य सहयोगमा ) | जम्मा | सम्पत्ति हस्तान्तरण बाट |
|---|---|---|---|---|---|
| डिप ट्यूबवेल | ८ वटा | ५ वटा | १८ वटा | ३१ वटा | रोजगार्डेन १ जखडीमाइ १ |
| डिजल जेनेरेटर | १ सेट (१०० के.भि.ए.) | ३ सेट (१००के.भि.ए.२, १८० के.भि.ए. १) | ४ सेट (८२.५के.भि.ए. ३) १२५ के.भि.ए. १) | ८ सेट ८२.५ के.भि.ए ३ (१०० के.भि.ए.३, १८० के.भि.ए. १ १२५ के.भि.ए. १) | |
| पानी पोखरीको संख्या र क्षमता | २ वटा (४०० घ.मी. ओभरहेड १, १२०० घ.मी. जमिन १) | ३ वटा (४५० घ.मी. ओभरहेड १, ९०० घ.मी. जमिन १ १००० घ.मी.जमिन १ | ५ वटा ४५० घ.मी. हेड २ ४०० घ.मी जमिन ३, | १० वटा ६०५० घ.मी. (१७५० घ.मी. ओभरहेड, ४३०० घ.मी. जमिन | निर्माणाधिन ४५० घ.मी. ओभरहेड १ (पटिहानी) |
| भवन | २ वटा | २ वटा | २ वटा | ६ वटा | निर्माणाधिन २ |
| पाइप लाईनको लम्बाई | ७८ कि.मी। (DI,GI,HDPE) | २१४ कि.मी HDPE) | ३८२.४५५ कि.मि. (HDPE) | ७४२.२४८ कि.मि. (DI, GI, HDPE) | रोजगार्डेन ४.५५ जखडी ३.६० आ.ब.मा ५९.६४३ |
| २०७५ आषाढ मसान्तका स्थिर सम्पत्ती मूल्य, रु. | ११,४१,२२,७९३ | २२,७५,६६,७९२ | २०,४२,२३,०३० | ५४,५९,१२,५८३ | |
| ह्रासकट्टी | २६,९३,७४५ | ६५,००,७०७ | ५५,१२,६५९ | १,४७,०७,११० | |
| २०७५ आषाढ मसान्तका स्थिर सम्पत्ती मूल्य, रु. | ११,१४,२९,०१८ | २२,१०,६६,०८५ | १९,८७,१०,३७१+ ५,४३,२२,५८० | ५८,५५२८,०५४ | ह्रासकट्टी कटाएर |

# वर्तमान खानेपानी सुविधाको स्थिति

- महानगरपालिका भित्रका करिव ६९,२१३ घरधुरी मध्ये २८,३३१ ग्राहकहरु मार्फत करीब १,६०,००० जना जनसंख्यालाई बोर्डबाट शुद्ध र व्यवस्थित खानेपानी सेवा उपलब्ध भएको ।
- करीब ९७,४७५ जनसंख्यामा साविक नगरपालिका भित्रका (मेघौली, शुक्रनगर, जगतपुर, शारदानगर, रामनगर, ठिमुरा, देवघाट र बाईसबिघा) लगायत अन्य बिभिन्न उपभोक्ता समिति मार्फत संचालित स-साना खानेपानी योजनाहरु मार्फत सेवा पुगेको ।
- हाल महानगरपालिका भित्र रहेका मुख्य गरेर मेघौली, जगतपुर, शुक्रनगर, गुन्जनगर र कविलाशका बिभिन्न खानेपानी योजना मार्फत सेवा पुगेको ।
- संस्थागत/व्यक्तिगत डिप बोरिङ्ग मार्फत महानगर भित्रका करीव ७१ प्रतिशत जनसंख्याले डिप बोरिङ्गको शुद्ध पिउने पानीको सुबिधा लिएका, करीव १०% ले खानेपानीको पाइप सञ्जाल भएर पनि सेवा नलिएको, २९ प्रतिशत लाई डप बोरिङ् मार्फत पाईप प्रणालीको सुविधा छैन, यसको माग बढ्दो छ ।
- भरतपुर महानगरपालिका, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुर, हेटौंडाको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरु मध्ये प्रेमबस्ती, गौरीगंज, तोरीखेत, कैलाशनगर, आनन्दपुर, लक्ष्मीपुर, धनगाढा, जखडीमाई र पटिहानी निर्माण सम्पन्न गरी सेवा बितरण शुरु भैसकेको ।
- मङ्गलपुर, गितानगर र देवनगर खानेपानी आयोजनाहरु निर्माणका चरणमा ।
- आ.व. २०७४।०७५ मा संघीय खानेपानी तथा आयोजना, चितवन मार्फत पटिहानीमा ४५० घ.मी. क्षमताको ओभरहेड पानी टंकी निर्माणाधिन ।
- यसै आ. ब. मा प्रेमबस्तीमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्डको साझेदारीमा एउटा कार्यालय भवन निर्माणधिन अवस्थामा रहेको ।
- यसै गरी भरतपुर महानगरपालिका १, आँपटाडीमा एक डीप बोरिङ्ग, जेनेरेटर सेड निर्माण सहित ८२.५ के.भि.ए. क्षमताको जेनेरेटर खरीद । यसबाट महानगरको नारायणगढ बजार क्षेत्रको सेवामा उल्लेखनीय सुधार हुने ।
- भरतपुर म.न.पा.-२, आँपटाडीमा यस बोर्ड अन्तर्गतका खानेपानकि संरचनाहरु रहेको स्थानमा पुरानो घेरा पर्खाल भत्काई पुन: नयाँ निर्माण गरीएको ।
- थप भएका वडाहरु (१५-२९) मध्ये इन्द्रपुरी, पारसनगर र फुलबारीका केही क्षेत्रहरुमा कैलाशनगर पम्पबाट थप पाईपलाईन विस्तार गरी आंशिक सेवा दिईएको ।
- मंगलपुर बजारको केहि भागमा आनन्दपुर पम्पबाट सेवा विस्तार गरिएको ।
- यसै आ. व. मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट मङ्गलपुर र रामपुर क्षेत्रमा खानेपानी सेवा बिस्तार गर्न २५ एच.पि. क्षमताको डीप बोरीङ्ग निर्माण गरी ५० के.भि.ए. क्षमताको ट्रान्सफर्मर सहित बिद्युत लाईन जडान गरी र बोरिङ्ग सञ्चालनका लागि मोटर पम्प समेत खरिद सकेको ।
- मंगलपुर, पारशनगर, ईन्द्रपुरी र फुलबारी क्षेत्रका बाँकी केहि भागहरुमा बोर्डको मौजुदा प्रणाली बिस्तार गरि सेवा दिन सकिने ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको बार्षिक कार्यक्रममा आ.ब. २०७२।०७३ देखि नै पार्वतीपुर, फूलबारी, गितानगर, शिबनगर, शारदानगर र पटिहानी खानेपानी आयोजना समावेश भएका छन् । आ.ब. २०७३।०७४ देखि र यसै आ.ब. मा पनि वार्ड नम्बर ११ को लागि जखडीमाई खा.पा.आ, मंगलपुरको लागि भरतपुर १५, १६ डिप बोरिङ्ग तथा मंगलपुर खा.पा.आ., कैलाशनगर खा.पा.आ. र गीतानगर खा.पा.आ. र आनन्दपुर आ.पा.आ. सुधार विस्तार कार्यक्रममा समावेश भई प्रत्येक नयाँ खा.पा.आ.को लागि थप केहि बजेट बिनियोजन गरी कार्य सम्पन्न गरीएको ।
- प्रस्तावित सबै नयाँ आयोजनाको लागि आ.ब. २०७५।०७६ मा आवश्यक जग्गा ब्यवस्थापन गरी बिस्तृत सर्वेक्षण तथा लागत अनुमान तयार गर्न सकिएमा आगामी ६,७ बर्ष भित्र यस महानगरपालिका भित्रका सबै वडाहरुमा डिप बोरिङ्ग बाटै ब्यवस्थित खानेपानीको सुविधा पुऱ्याउन सकिने
- बोर्डको सेवा क्षेत्रमा नयाँ आयोजना निर्माण गर्दा नयाँ उपभोक्ता संस्थाहरु समेत दर्ता गर्दै जाँदा भविष्यमा बोर्ड र उपभोक्ता संस्था बिच संस्थागत दोहोरोपना आउने र महानगरको खानेपानी ब्यवस्थापनमा एकरुपता नहुने भएकोले यस सम्बन्धमा उपयुक्त नीतिगत ब्यवस्थाको लागि खानेपानी तथा सरसफाई मन्त्रालयमा लेखि पठाईएकोमा सम्बन्धित मन्त्रालयबाट बोर्डलाई उपभोक्ता संस्थाकै रुपमा लिई खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्ड विचको सहलगानीमा नयाँ आयोजनाहरु निर्माण गर्न सकिने गरि नीतिगत निर्णय भई आएको

# बोर्डको बर्तमान तथा भावी कार्ययोजनाः

सन् २०३० सम्म सबैलाई उच्च स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने दिगो विकास लक्ष्य सँगै प्रतिवद्धता जाहेर गरेको नेपाल सरकारको लक्ष्य अनुसार आृनो सेवा क्षेत्रमा आधारभुत तथा मध्यम स्तरको खानेपानी तथा सरसफाई हुँदै उच्च स्तरको सुविधा उपलब्ध गराउनु यस बोर्डको पहिलो र प्रमुख दायित्व रहेको छ। आफ्नो व्यवस्थापन संयन्त्र समेत पूर्णरुपमा तयार भई नसकेको अवस्थामा आफ्नो श्रोतबाट मात्र उल्लेखित लक्ष्य हासिल गर्नु असम्भव प्राय: देखिन्छ । यसको लागि बोर्डले भरतपुर महानगरपालिका, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग तथा अन्य विभिन्न सरकारी एवं गैर सरकारी निकायहरु सँग सहकार्य र साझेदारी लगानीमा थप नयाँ आयोजना र कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

यसै सन्दर्भमा खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल निकास विभाग मार्फत सह-लगानीमा आयोजनाका थप निर्माण कार्यहरु संचालन गर्ने गरि धनगाडा खानेपानी आयोजनाको सह-लगानी सम्बन्धी प्रस्ताव स्वीकृत भई र आ.व. २०७२ आषाढमा त्यसको विस्तृत डिजाईन प्रतिवेदन तयार भएको थियो । गत आ.व.मा विद्युतिय ठेक्का प्रस्ताव आव्हान गरी निर्माण सम्झौता गरी भै आयोजना निर्माण कार्यहरु सम्पन्न भएका छन् । यसै गरि भरतपुर ११ मा खानेपानी सेवा बिस्तारका लागि खानेपानी तथा ढल निकास बिभाग अन्तर्गतको सहलगानी कार्यक्रम मार्फत खानेपानीका संरचनाहरु निर्माण गर्न जखडीमाई खानेपानी आयोजनाको सह-लगानी सम्बन्धी प्रस्ताव बिभागमा पेश गरिएको छ ।

खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ बमोजिम यस संस्थालाई दिईएको जिम्मेवारी अनुरुप खानेपानी तथा सरसफाई नियमित, व्यवस्थित भरपर्दो बनाउन भरतपुर खानेपानी व्यवस्थापन बोर्डले विगतका वर्षहरुमा जस्तै आगामी दिनहरुमा निम्न अनुसारका कार्यक्रमहरुलाई निरन्तरता दिंदै थप केही कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

- खानेपानी सुविधाको लागि अत्याधिक अभावग्रस्त क्षेत्रहरु र उपभोक्ताहरुवाट माग भई आएका, खानेपानीको पाईपलाईन नपुगेका सडक वस्तीहरुमा आवश्यकता अनुसार हरेक वर्ष नयाँ पाईपलाईन थप विस्तार गर्दै जाने ।
- उपभोक्ताहरु स्वयंबाट संचालन व्यवस्थापन गरिदै आएका खानेपानी योजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिसँग वार्ता गरि बोर्डको स्वामित्वमा ल्याउने र उक्त आयोजनाको सञ्चालन व्यवस्थापन सम्वन्धि जिम्मा वोर्डले लिने वा उपभोक्ता आंफैले संचालन व्यवस्थापन गर्न चाहेमा आवश्यक प्राविधिक र ब्यवस्थापकिय सहयोग गर्ने ।
- हाल मौजुदा खानेपानी भण्डार गर्ने क्षमता ज्यादै न्युन रहेकोले आवश्यक आर्थिक श्रोत जुटाएर खानेपानी भण्डार गर्ने क्षमतालाई क्रमश: वृद्धि गर्दै लैजाने ।
- वोर्डको मुख्य कार्यालय भवन रहेको भरतपुर १० मा विद्यमान ४०० घन मिटरको क्षमताको ओभरहेड टंकीको क्षमता अत्यन्त न्युन रहेकोले करीब ९०० घनमिटर क्षमता भएको ओभरहेड टंकी निर्माणको लागि आवश्यक श्रोतको ब्यबस्थापन गर्ने ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भरतपुर, चितवनवाट गत वर्षहरुमा जस्तै शुरु गरिएका फुलवारी, शिवनगर, शारदानगर र पटिहानीका खानेपानी आयोजनाहरु र यसै आ.व. वाट शुरु हुने भरतपुर १५, १६ डिपवोरिङ्ग खा.पा.आ., मंगलपुर खा.पा.आ., कैलाशनगर खा.पा.आ. र जखडीमाई खा.पा.आ.हरुमा वोर्डको समेत लगानी गरी आयोजनालाई छिटो सम्पन्न गर्ने र त्यसको संचालन व्यवस्थापन जिम्मा वोर्डले लिने ।
- आ.व. २०७४।०७५ को वजेटमा समावेश भएका जखडीमाई मंगलपुर १५, १६ डिप वोरिङ्ग, मंगलपुर, कैलाशनगर, गीतानगर र आनन्दपुर खानेपानी सुधार विस्तार आदिको निर्माणको लागि आवश्यक पर्ने जग्गा लगायत स्थानिय श्रोत साधन जुटाउने कार्यमा भरतपुर महानगरपालिका संगको सहयोग समन्वयमा खा.पा. तथा स.स.डि.का. संग सहकार्य गर्ने ।
- भरतपुर महानगरपालिकाका विभिन्न टोल विकास संस्थाहरु लगायत अन्य गै.स.सको सहयोग र सहकार्यमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई कार्यक्रम, वातावरणमैत्री वार्ड, टोल घोषणा कार्यक्रम, ग्राहक सचेतना जस्ता स्वास्थ्य तथा सरसफाई सम्वन्धि प्रवर्धनान्तमक कार्यक्रमहरु संचालन गरी वोर्ड र सेवाग्राही विचको सम्वन्ध थप सुमधुर वनाउने ।
- भरतपुर महानगरपालिका संगको सहकार्य र समन्वयमा बिगतका बर्षहरुमा जस्तै फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई आदि सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी ठोस तथा तरल फोहर व्यवस्थापनमा महानगरपालिकालाई आवश्यक र रचनात्मक सहयोग गर्ने ।
- महानगरपालिका क्षेत्रभित्रका अत्यावश्यकिय र मानिसहरुको वढी हिंडडुल गर्ने स्थान र चोकहरुमा व्यवस्थित सार्वजनिक शौचालयहरु निर्माण गर्ने ।
- स्वास्थ्य तथा सरसफाई र वातावरण संरक्षण आवश्यक नीति नियम तयार गर्न भरतपुर महानगरपालिकालाई सहयोग गर्ने कर्मचारी व्यवस्था ।

## कर्मचारी व्यवस्था :

सेवा प्रणालीसंगै नेपाल खानेपानी संस्थानबाट सरी आएका चार जना स्थायी कर्मचारी सहित हाल बोर्डमा ५ जना स्थायी, करार मा कार्यरत ४९ जना र कार्यकारी निर्देशक १ सहित जम्मा ५५ जना कर्मचारीहरु कार्यरत छन् । दैनिक रुपमा पम्प सञ्चालन, ग्राहकहरुको खानेपानी मिटर अङ्क रिडिङ्ग, पानीको गुणस्तर परिक्षण र बिद्युत सम्बन्धि मर्मत संभारको लागि २२ जना व्यक्तिहरुलाई Outsourcing गरि काममा लगाईएको छ ।

## वोर्डको आ.व. २०७५।०७६को आय व्ययको स्थिति :

### आय

| क्र.स. | शिर्षक बिवरण | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | पानी महशुल वापतको बिलिङ्ग रकम | ९ करोड २७ लाख १६ हजार ३३ | |
| २ | अघिल्ला बर्षहरुको उठ्न बाँकि रकम | १ करोड ७१ लाख ९७ हजार ९१९ | |
| ३ | आ.ब.को असार मसान्त सम्म खूद पाउनु पर्ने रकम | १० करोड ९९ लाख १३ हजार ९५२ | |
| ४ | यस आ.ब.मा छुट कटाएर महशुल बापतक संकलित रकम | ९ करोड १ लाख ३५ हजार ८७३ | |
| ५ | आ.ब.को असार मसान्त सम्म महशुल उठ्न बाँकी रकम | १ करोड ९७ लाख ७८ हजार ७९ | |
| ६ | अन्य खानेपानी आयोजनाहरुबाट अनुदान तथा जन श्रमदान स्वरुप प्राप्त रकम | | |
| ७ | धारा जडान तथा अन्य सेवा शुल्क शिर्षकवाट | १ करोड ८८ लाख ८९ हजार ५२० | |
| ८ | हाल सम्म जम्मा हुन आएको बैङ्क ब्याज | १७ लाख ७१ हजार ३०७ | |
| ९ | अनुदान बाहेक १,७ र ८ तीनवटै मिलाएर खुद आय | ११ करोड ३३ लाख ७६ हजार ८६० | |
| १० | गत वर्षको वैंकमा वाँकी रकम | ४ करोड ४० लाख ७१ हजार ११६ | |
| ११ | गत वर्षको वैंकमा वाँकी रकम (१०) समेत आ.ब. २०७५/०७६ को कुल आम्दानी रकम | १५करोड ४८ लाख ६७ हजार ८१६ | |
| १२ | अन्य संस्थाहरु बाट प्राप्त अनुदान सहित यस आ.ब.को खुद आम्दानी | १५ करोड ४८ लाख ६७ हजार ८१६ | |
| १३ | उल्लेखित रकम आ.ब. २०७५।०७६ को बार्षिक लक्ष्यको तुलनामा | १००.५ प्रतिशत | |

### व्यय

| क्र.स. | शिर्षक बिवरण | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न शिर्षकहरुमा भएको कूल सञ्चालन खर्च | ५ करोड ४४ लाख ९२ हजार २६५ | |
| २ | यस आ.ब.को खुद आम्दानी | ११ करोड ७ लाख ९६ हजार ७०० | |
| ३ | खुद आयमा संचालन खर्च घटाउँदा बा'कि वचत | ५ करोड ६३ लाख ४ हजार ४३५ | |
| ४ | गत आ.ब.को बैङ्क मौज्दात | ४ करोड ४० लाख ७१ हजार ११६ | |
| ५ | आ.ब.को बैङ्क मौज्दात समेत गरी कूल बचत | १० करोड ३ लाख ७५ हजार ५५१ | |
| ६ | आ.ब. २०७४/०७५ मा पूंजीगत तर्फ | ५ करोड ९१ लाख १७ हजार ६२९ | |
| ७ | अन्य खानेपानी आयोजनाबाट श्रमदान तथा अनुदानबाट प्राप्त | | |
| ८ | अनुदान समेत पुँजीगत खर्च जम्मा | ५ करोड ९१ लाख १७ हजार ६२९ | |
| ९ | आर्थिक बर्षको अन्तमा जम्मा बचत | ४ करोड १२ लाख ५७ हजार ९२२ | |
| १० | कुल जम्मा | १५ करोड ४८ लाख ६७ हजार ८१६ | |

## आ.ब. २०७५।०७६ को लक्षित तथा वास्तविक आम्दानी खर्चको विस्तृत विवरण निम्न अनुसार छ ।

### आ. व. २०७५/०७६ को लक्षित तथा वास्तविक आम्दानी खर्च

| आम्दानी तर्फ | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आम्दानी शिर्षक | लक्षित (रु.) | वास्तविक (रु.) | खर्च शिर्षक | स्वीकृत वजेट रु. | यथार्थ खर्च रु. | फरक रु. |
| गत आ.व. को अ.ल्या. | 44071116 | 44071116 | तलव | 18500000 | 18704134 | œ204134° |
| पानी महशुल (विलिङ) | | 92716033 | भत्ता | 2900000 | 2897353 | 2647 |
| पानी महशुल (प्राप्त) | 90000000 | 90135873 | वैठक भत्ता | 400000 | 380000 | 20000 |
| धारा जडान शुल्क | 12500000 | 12349000 | दैनिक भ्रमण भत्ता | 450000 | 276503 | 173497 |
| पाईप फिटिङ्ग विक्री | 200000 | 253530 | सेवा महशुल | 1500000 | 1444345 | 55655 |
| निवेदन दस्तुर | 800000 | 798600 | टेलिफोन महशुल | 250000 | 146307 | 103693 |
| कार्ड विक्री | 100000 | 50970 | परामर्श सेवा | 1850000 | 366249 | 1483751 |
| नामसारी ठाँउसारी | 300000 | 322900 | चन्दा पुरस्कार | 20000 | 9310 | 10690 |
| वैंक व्याज | 1200000 | 1771307 | तालिम, गोष्ठी, ग्राहक सचेतना, नियन्त्रण कार्यक्रम | 600000 | 596731 | 3269 |
| विविध | 100000 | 288861 | ग्राहक नम्वरिङ्ग कार्यक्रम | 200000 | 188460 | 11540 |
| थप महशुल | 500000 | 300421 | वातावरणीय सरसफाई कार्य | 600000 | 353558 | 246442 |
| जरिवाना | 2500000 | 4263738 | पानी सुरक्षा योजना | 400000 | 150733 | 249267 |
| ग्राहक नम्वर प्लेट दस्तुर | 250000 | 261500 | अतिथि सत्कार | 200000 | 143560 | 56440 |
| जनसहभागिता | | | विद्युत महशुल | 21000000 | 21406366 | œ406366° |
| धरौटी (निर्माण व्यव.) | | | ईन्धन सवारी | 500000 | 497677 | 2323 |
| | | | ईन्धन जेनेरेटर | 1800000 | 1797000 | 3000 |
| | | | मसलन्द कार्यालय सामान | 400000 | 399411 | 589 |
| | | | लेखा परिक्षण | 130000 | 130000 | 0 |
| | | | छपाई | 750000 | 746101 | 3899 |
| | | | पुस्तक तथा पत्र पत्रिका | 20000 | 19100 | 900 |
| | | | औषधी (केमिकल) खरीद | 250000 | 271200 | œ21200° |
| | | | विविध खर्च | 150000 | 149246 | 754 |
| | | | मर्मत | 300000 | 277743 | 22257 |
| | | | खा.पा. म. नि.आ. सेवा शुल्क | 860000 | 844983 | 15017 |
| | | | महशुलमा छुट | 1970000 | 2151833 | œ181833° |
| | | | फिर्ता रकम खर्च | | 144361 | |
| | | | **चालु कार्यक्रमको जम्मा** | 56000000 | 54492265 | 1652096 |
| | | + | भरतपुर खा.पा.आ.मर्मत सुधार | 6000000 | 5995049 | 4951 |

| आम्दानी तर्फ | खर्च तर्फ | आम्दानी तर्फ | खर्च तर्फ | आम्दानी तर्फ | खर्च तर्फ | आम्दानी तर्फ |
|---|---|---|---|---|---|---|
| आम्दानी शिर्षक | लक्षित (रु.) | वास्तविक (रु.) | खर्च शिर्षक | स्वीकृत वजेट रु. | यथार्थ खर्च रु. | फरक रु. |
| | | | भरतपुर खा.पा.आ. सुधार विस्तार | 21000000 | 20441501 | 558499 |
| | | | कैलाशनगर-फुलबारी खा.पा. आ. | 2000000 | 1946381 | 53619 |
| | | | आनन्दपुर खा.पा. आ. | 4500000 | 0 | 450000 |
| | | | पटिहानी खा.पा.आ. | 4000000 | 662913 | 3337087 |
| | | | मंगलपुर खा.पा.आ. | 6000000 | 5889726 | 110274 |
| | | | गितानगर खा.पा.आ. | 5000000 | 800000 | 4200000 |
| | | | सहलगानी खा.पा.आ. | 13500000 | 7936320 | 5563680 |
| | | | फर्निचर खरिद | 500000 | 196973 | 303027 |
| | | | कार्यालय उपकरण खरिद | 500000 | 490600 | 9400 |
| | | | भवन मर्मत, रङ्गरोगन, सेड निर्माण | 3000000 | 1759532 | 1240468 |
| | | | देवनगरमा जग्गा खरिद | 9000000 | 9066500 | œ66500º |
| | | | भु.चु. लिन दिन बाँकी फिर्ता र करारका कर्मचारीहरुको अवकाश कोष रकम रकम | 50000 | 3628542 | 50000 |
| | | | नि.व्य.को धरौटी रकम फिर्ता | | 303593 | |
| | | | पुंजीगत कार्यक्रमको जम्मा | 75000000 | 59117629 | 19814506 |
| | | | कुल जम्मा खर्च रु. | 131000000 | 113609894 | 17390106 |
| | | | नागरिक लगानी कोष | 12624443 | 9741430 | œ22619819º |
| यस वर्षको जम्मा | 108450000 | 110796700 | बैंक बचत, रु. | 8896673 | 31516492 | 2883013- |
| कुल जम्मा | 152521116 | 154867816 | कुल जम्मा रु. | 152521116 | 154867816 | œ2346700º |

## आ.व.२०७५/०७६ मा बोर्डवाट गरिएका मुख्य कार्यहरु

- आ.व.मा २४०० निजि धारा वितरण गर्ने लक्ष्य रहेकोमा जम्मा २६०५ वटा निजि धारा वितरण ।
- महानगरपालिकाका १ देखि १६ र २२ नं. वडाहरुमा कुल ५९६४३ मिटर थप पाईप लाईन बिस्तार ।
- मंगलपुर बजार देखि पश्चिमका केहि भाग, फुलवारी, तोरीखेत, ईन्द्रपुरी, पारशनगर र गितानगर बजार सम्म सेवा क्षेत्र विस्तार
- भरतपुर महानगरपालिका ७, प्रेमबस्तीमा ओभरहेड ट्याङ्की तथा खानेपानीका अन्य संरचनाहरु अवस्थित जग्गामा खा.पा. तथा स.स. डिभिजन कार्यालय, भरतपुर र बोर्डको संयुक्त लगानीमा चारकोठे कार्यालय भवन निर्माणाधिन ।
- गत आ.व.मा कैलाशनगर क्षेत्रमा खरीद गरिएको २ कठ्ठा जग्गामा निर्माण गरिएको डिप बोरिङ्गमा मोटर पम्प जडान, बिद्युत प्रशारण लाईन र टि.ओ.डि. मिटर जडान गरी पानी सञ्चालन ।
- भरतपुर महानगरपालिका ७, प्रेमबस्तीमा ओभरहेड ट्याङ्की तथा खानेपानीका अन्य संरचनाहरु अवस्थित जग्गा सँगै जोडिएर रहेको १ कठ्ठा ५ धुर क्षेत्रफल जग्गा खरीद र कम्पाउण्ड वाल तथा मेन गेट निर्माण ।
- पटिहानी खा.पा. आ. क्षेत्रमा थप १.९ कि.मि. थप पाईप लाइन बिस्तार ।

- भरतपुर महानगरपालिका ६, गितानगरमा संघीय खानेपानी तथा ढल ब्यबस्थापन आयोजना कार्यालय मार्फत ट्रान्सफर्मर सहित विद्युत प्रशारण लाईन जडान ।
- प्रदेश सरकार, प्रदेश नं. ३, डिभिजन नं. १, हेटौंडा र यस वोर्डको आन्तरिक सह-लगानी मार्फत दुई वटा डीप बोरिङ्ग निर्माणाधिन ।
- संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन मार्फत पटिहानी खा.पा.आ.क्षेत्रमा ४५० घ.मि. क्षमताको ओभरहेड ट्याङ्की निर्माणधिन ।
- भरतपुर महानगरपालिका २ आँपटारीमा जलदेबी सामुदायिक बनको जग्गामा एक सेट डीप बोरिङ्ग र जेनेरेटर सेड निर्माण गरि ८२.५ क.भि.ए. क्षमताको डिजल जेनेरेटर खरीद तथा जडान ।
- वोर्डलाई आफ्नो भौगोलिक कार्य क्षेत्रमा रही सहलगानी मार्फत खानेपानी तथा सरसफाई आयोजनाहरुमा थप विस्तार तथा सुदृढीकरण गर्न नेपाल सरकार खानेपानी तथा सरसफाई मन्त्रालयको नेपाल सरकार सचिव स्तरको नितीगत निर्णय अनुसार भरतपुर ९,११ र १२ मा धनगाढा सहलगानी खा.पा.आ.को निर्माण सम्पन्न भई खानेपानी सञ्चालन ।
- भरतपुर ११ मा रहेको जखडीमाई खानेपानी तथा सरसफाई आयोजनालाई थप विस्तार तथा सुदृढिकरण गर्न संघीय खाने पानी तथा ढल व्यवस्थापन बिभाग अन्तर्गतको सहलगानी खा.पा.आ.को लागि प्रस्तावित जखडीमाई सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भई संम्झौताको चरणमा ।
- बोर्डको कृष्णपुर स्थित कार्यालय परिसरको सुरक्षाका लागि मुख्य प्रवेश मार्गको गेट निर्माण ।
- खानेपानी व्यवस्थापन वोर्डको Mobile Application को शुरुवात गरिएको ।
- महशुलमा प्रयोग गरिएको पुरानो Software हटाई Billing, Accounting and Stock Management Software खरीद र जडान गरिएको ।
- बोर्ड अन्तर्गतका खानेपानीका ग्राहकहरुको समग्र बिवरण अध्यावधिक गरी ग्राहकहरुको मिटर रिडिङ्ग ठेली नक्शाङ्कन सहित अध्यावधिक ।
- भरतपुर स्थित कार्यालय भवन मर्मत, रङ्गरोगन ।
- भरतपुर स्थित कार्यालय परिसरमा रहेको ८०० घ.मि. क्षमताको पानी संकलन ट्याङ्कीको रङ्गरोगन ।
- भरतपुर स्थित कार्यालय परिसरमा मोजायक टायल बिच्छ्याईएको ।
- पटिहानी खा.पा. आ.को लागि क्लोरीन डोजिङ्ग मेशिन, खरीद र जडान ।

## आयोजना तथा कार्यक्रमगत रूपमा गरिएका कामहरूको बिस्तृत विवरण

### *भरतपुर खानेपानी आयोजना सुधार विस्तारः*

- विभिन्न ७ सेट जेनेरेटर, ट्रान्सफरमर, मोटर पम्प तथा पाईप लाईनहरुको नियमित र आवश्यकता अनुसार मर्मत ।
- आँपटाडी स्टेशनमा जेनेरेटर सेड निर्माण गरि ८२.५ के.भि.ए क्षमताको एक सेट डिजल जेनेरेटर खरीद र जडान ।
- बोलपत्र प्रक्रिया मार्फत ५९२३४ र दरभाउ पत्र प्रक्रिया मार्फत ७१२८ गरि बिभिन्न मापका कूल ६६३६२ मिटर एच.डि.पि.ई. पाईप खरीद ।
- बोलपत्र ठेक्का र दरभाउ पत्र ठेक्का प्रक्रिया मार्फत निर्माण ठेक्का संम्झौता गरी विभिन्न स्थानहरुमा ५०९४५ मिटर पाईप लाईन विस्तार कार्य ।
- सम्बन्धित उपभोक्ताहरुले पाईपलाईन खाडल खन्ने पुर्ने गरी उपभोक्ताहरुको समेत सहकार्यमा विभिन्न स्थानहरुमा ८६९८ मिटर पाईप लाईन विस्तार कार्य ।
- महानगरपालिका अन्तर्गतका बिभिन्न वडाहरुमा गरी कुल ५९६४३ मिटर थप पाईप लाईन विस्तार ।
- रिजालचोक स्थित डिप बोरिङ्ग स्थलको जमिन सतह होचो भई पानी जम्ने भएकाले एक ट्रिपर ग्राभेल राखी पुरेको ।
- स्थानीय उपभोक्ता समिति मार्फत सञ्चालन ब्यबस्थापन गर्दै आएको भरतपुर म.न.पा. ११ अन्तर्गतको जखडीमाई खानेपानी आयोजनाको सम्पत्ति र दायित्व बोर्डमा हस्तान्तरण लिइ नयाँ डिप बोरिङ्ग निर्माण गरि खानेपानी वितरण ।

## वितरण प्रणाली थप भएका मुख्य स्थानहरु :

| वडा नं. | स्थान | परिमाण (मिटर) | कैफियत |
|---|---|---|---|
| 3 | बिष्णुदेबी मार्ग, अद्वैत चोक | 2640 | |
| 4 | न्यूरोड, बाह्र घरे टोल, बिशालचोक, चिसापानी मार्ग | 4150 | |
| 5 | कैलाशनगर बोरीङ्ग देखि लफ्टन चोक , श्रीपुर स्कूल | 5586 | |
| 6 | पुल्लर देखि गितानगर ३ नं. नहर सम्म | 1350 | |
| 7 | विभिन्न स्थानहरुमा | 1824 | |
| 8 | गंगादेवी मिनिमार्ट देखि पाँडे घुम्ती, हरीहरमार्ग टोल | 10680 | |
| 9 | स्टेप बाई स्टेप बोर्डिङ्ग देखि कमल चोक | 4110 | |
| 10 | विभिन्न स्थानहरुमा | 1650 | |
| 11 | जखडीमाई बोरीङ्ग देखि गणेशस्थान टोल हुँदै बाईपास सडक सम्म, सिद्धिबिनायक टोल, लामा टोल | 5910 | |
| 12 | विभिन्न स्थानहरुमा | 276 | |
| 13 | गंगानगर | 3504 | |
| 14 | घान्द्रुके चोक देखि पुल्लर | 644 | |
| 15 | देवीचोक देखि डेरी चोक, पूर्व रामपुर सम्म, सितल चोक देखि नमुना चोक, चोक देखि जानकी चोक, | 12333 | |
| 16 | स्वर्गद्धारी चोक देखि नवीन चोक सम्म, फुर्ती चोक देखि नवीन चोक सम्म | 3588 | |
| 22 | गर्भु टाँडि, घट्गाइ, पटिहानी | 1398 | |
| | जम्मा | 59643 | मिटर |

## भरतपुर खानेपानी आयोजना मर्मत सुधारः

आ.व. २०७५।०७६ मा भरतपुर खानेपानी आयोजना मर्मत सुधार अन्तर्गत भएका मुख्य कार्यहरु यस प्रकार छन् ।

| क.स | मुख्य कार्यहरु | भरतपुर-१० कार्यालयबाट | कृष्णपुर-७ कार्यालयबाट | जम्मा |
|---|---|---|---|---|
| १ | ठूला लिक मर्मत | ३४५ | ७८ | ४२३ |
| २ | साना लिक मर्मत | ५१५ | ३९९ | ९१४ |
| ३ | ग्राहकको धाराको होल परिबर्तन | १६९ | ३१ | २०० |
| ४ | ग्राहकको धाराको लागत कट्टा गर्ने | १० | ० | १० |
| ५ | ग्राहकको धाराको मिटर सार्ने | | ७० | ७० |
| ६ | नयाँ मिटर बदली गर्ने | ३३८ | १८६ | ५२४ |
| ७ | पुरानो मिटर मर्मत कार्य | ४८६ | १६१ | ६४७ |
| ८ | ग्राहकको धारामा अस्थायी ल्पग गर्ने | | ० | |
| ९ | अन्य (गेट भल्भ मर्मत, सार्ने) | | ८५ | ८५ |
| १० | उल्लेखित कार्य बापत संकलित रकम | | | रु ५,८७,७०० |

- विभिन्न स्टेशनमा अवस्थित पानी तान्ने मोटर, पम्प, ट्रान्सफर्मर, प्यानल बोर्ड लगायत अन्य विद्युतीय उपकरणहरुको नियमित मर्मत संभार ।
- विभिन्न स्थानमा रहेका ७ सेट जेनरेटरहरु नियमित रुपमा सर्भिसिङ्ग ।
- डिभिजन सडक कार्यालय र भरतपुर महानगरपालिका अन्तर्गतका विभिन्न सडकहरुको सुधार विस्तार मर्मत, सतह ढल निर्माण गर्ने क्रममा टुटफुट हुन गएका र जेसिविको प्रयोग गर्दा फुटेका उप्किएका पाईपहरुको मर्मत सुधार एवं प्रतिस्थापन गरिएको ।

## धनगाडा खानेपानी आयोजनाः

- भरतपुर महानगरपालिका वार्ड नम्वर ९, ११, १२ मुख्य सेवा क्षेत्र रहने गरि नेपाल सरकार संघीय खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको सह-लगानी खानेपानी कार्यक्रम र खानेपानी व्यवस्थापन वोर्डको सह लगानीमा धनगाढा खानेपानी आयोजनाको निर्माण कार्यहरु (ओभरहेड ट्याङ्की, सतही ट्याङ्की, कार्यालय भवन, डिप बोरिङ्ग र बिद्युतिय लाईन जडान) को निर्माण सम्मन्न भई वोर्ड मार्फत सञ्चालन ।

## प्रेमवस्ती कालीका खानेपानी आयोजनाः

- भरतपुर महानगरपालिका ७, प्रेमबस्तीमा ओभरहेड ट्याङ्की तथा खानेपानीका अन्य संरचनाहरु अवस्थित जग्गामा कम्पाउण्ड वाल तथा मेन गेट निर्माण ।
- भरतपुर महानगरपालिका ७, प्रेमबस्तीमा ओभरहेड ट्याङ्की तथा खानेपानीका अन्य संरचनाहरु अवस्थित जग्गामा खा.पा. तथा स.स. डिभिजन कार्यालय, भरतपुर र बोर्डको संयुक्त लगानीमा चारकोठे कार्यालय भवन निर्माणाधिन ।
- खानेपानी सेवा विस्तारका लागि बिभिन्न मापका १.६ कि.मि. एच.डि.पि.ई. पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।

## कैलाशनगर खानेपानी आयोजना

- माग र सिफारीसका आधारमा खानेपानी सेवा विस्तारका लागि बिभिन्न मापका ४.८ कि.मि. एच.डि.पि.ई. पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।
- डीप बोरीङ्ग नं. २ मा मोटर पम्प सहित पम्पिङ्ग मेन कार्यहरु जडान भै पानी सञ्चालन ।

## आनन्दपुर खानेपानी आयोजना

- माग र सिफारीसका आधारमा खानेपानी सेवा बिस्तारका लागि विभिन्न मापका ३.५ कि.मि. एच.डि.पि.ई. पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।

## पटिहानी खानेपानी आयोजना

- माग र सिफारीसका आधारमा खानेपानी सेवा बिस्तारका लागि बिभिन्न मापका १.४ कि.मि. एच.डि.पि.ई. पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।
- क्लोरीन डोजिङ्ग मेशिन, खरीद र जडान ।

## मंगलपुर खानेपानी आयोजना

- भरतपुर १५, मंगलपुर खानेपानी आयोजना क्षेत्रमा खानेपानी सेवा बिस्तारका लागि बिभिन्न मापका १३.४ कि.मि. एच.डि.पि.ई. पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।
- भरतपुर १५, मंगलपुर खानेपानी आयोजनाको डिप बोरीङ्ग निर्माण गरिएको खगेरी जल उपभोक्ता संस्थाले उपलब्ध गराएको जग्गामा प्रदेश सरकार, प्रदेश नं. ३, डिभिजन नं. १, हटौँडा मार्फत कम्पाउण्ड वाल र गेट निर्माण ।
- गत ओव. मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, चितवन मार्फत निर्माण गरेको डिप बोरीङ्ग, प्यानल बोर्ड घर र चेनपुल्ली स्ट्याण्ड निर्माण, बिद्युत प्रहारण लाईन जडान, गरेकोमा टि.ओ.डि.बिद्युत मिटर जडानको प्रक्रियामा रहेको ।

## जखडिमाई खानेपानी आयोजना

- खानेपानी सेवा बिस्तारका लागि बिभिन्न मापका ५.४ कि.मि. एच.डि.पि.ई. पाईप, फिटिङ्गसहरु जडान, ईन्टर कनेक्शन, सडक पिच कटान र मर्मत ।
- भरतपुर ११ मा रहेको जखडीमाई खानेपानी तथा सरसफाई आयोजनालाई थप विस्तार तथा सुदृढिकरण गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन बिभाग अन्तर्गतको सहलगानी खा.पा.आ.को लागि प्रस्तावित जखडीमाई सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भई संझौताको चरणमा ।

## देवनगर खानेपानी आयोजना

- प्रदेश सरकार, प्रदेश नं. ३, डिभिजन नं. १, हटौँडा अन्तर्गतको कार्यक्रममा समावेश भएको देवनगर खानेपानी आयोजनाको लागि आवश्यक ३ कट्ठा ११ धुर जग्गा खरीद ।
- प्रदेश सरकार, प्रदेश नं. ३, डिभिजन नं. १, हटौँडा र यस वोर्डको आन्तरिक सहलगानी मार्फत दुई वटा डिप वोरिङ्ग निर्माणाधिन

## फर्निचर तथा फर्निसिङ्ग सामाग्री खरीद

- कार्यालयको आवश्यकता अनुसार देहायका सामाग्रीहरु खरीद गरिएको ।
- स्टील दराज ६६ इञ्च- २थान, काठको लो बेड -१ थान, गार्डेन सिमेन्ट बेञ्च- ५थान, सेक्रेटरी चियर-२ थान, नेट भिजिटर चियर-५ थान, अफिसर चियर- १थान, सनमाईका टप्ड टेवल-१ थान, डबल ड्रयर स्टील टेवल- १ थान, झ्याल पर्दा - ३ सेट, लिनोलियम कार्पेट - १ कोठा ।

## कार्यालय भवन मर्मत तथा सेड निर्माण

- भरतपुर स्थित कार्यालय भवन मर्मत, रङ्गरोगन ।
- भरतपुर स्थित कार्यालय परीशर मा कायालयको सवारी पार्किङ्ग सेड र बाथरुम सहितको शौचालय निर्माण ।
- भरतपुर स्थित कार्यालय परिसरमा रहेको ८०० घ.मि. क्षमताको पानी संकलन ट्याङ्कीको रङ्गरोगन ।
- भरतपुर स्थित कार्यालय परिसरमा मोजायक टायल बिच्छयाईएको ।
- तोरीखेत र रोजगार्डेन स्टेशनमा प्यानल बोर्ड/अपरेटर घर रङ्गरोगन ।
- तोरीखेत र रोजगार्डेन स्टेशनमा काँडे तारबार मर्मत ।
- कृष्णपुर स्टेशनमा मेनगेट निर्माण ।

## वातावरणीय सरसफाई कार्यक्रमः

- वातावरणीय सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने खालका विभिन्न जनचेतनामुलक कार्यक्रम आयोजना गर्न बिभिन्न संघ संस्थालाई सहयोग ।
- विश्व वातावरण दिवस, पानी दिवस, हात धुने दिवस, लगायतका दिवसहरुमा विभिन्न कार्यालय र संघ संस्था संग समन्वय तथा सहभागिता ।
- भरतपुर महानगरपालिकाको आँपटाडि चोक र र पुल्चोक नारायणी नदी किनारामा पैदल यात्री र यात्रा सवार यात्रुहरुको सुविधाको लागि यस वोर्डबाट निर्माण गरि स्थानीयको रेखदेखमा रहेका सार्वजनिक शौचालयहरुको नियमित अनुगमन र आवश्यकता अनुसार मर्मत कार्य ।
- जैविक फोहर घरमै व्यवस्थापनको लागि भरतपुर महानगरपालिकाको विभिन्न टोलमा बोर्डबाट कम्पोष्ट च्याम्वरको प्रवर्द्धनको लागि ५० प्रतिशत रकम अनुदान दिई ५७ घरमा कम्पोष्ट च्याम्वर निर्माण ।

### तालिका नं.: कम्पोष्ट च्याम्वर वितरण गरिएका टोलहरु:

| क्र. स. | वडा नं. | टोलको नाम | संख्या (सेट) |
|---|---|---|---|
| १ | ७ | पञ्चेश्वर टोल | ८ सेट |
| २ | ७ | शान्तीनगर टोल | ८ सेट |
| ३ | ७/१० | सृजना टोल | ५ सेट |
| ४ | ९ | संगम टोल | ९ सेट |
| ५ | १० | हिमाली पथ टोल | १२ सेट |
| ६ | ११ | मुक्तिनगर टोल | ५ सेट |
| ७ | ११ | पारीजात टोल | ५ सेट |
| ८ | १२ | शुभलक्ष्मी टोल | ५ सेट |
| | | **जम्मा** | **५७ सेट** |

## तालिम, गोष्ठी, ग्राहक सचेतना तथा चुहावट नियन्त्रण कार्यक्रम:

- बोर्डको आम्दानी तथा खर्च, बार्षिक कार्यक्रम तथा सेवाशुल्कहरु लगायतका सूचनाहरु सेवाग्राही सम्म पुर्‍याउन विभिन्न पत्रपत्रिका, एफ.एम., टेलिभिजन, फ्लेक्स प्रिन्ट आदिबाट सार्बजनिकरण गर्ने गरिएको ।
- खानेपानी धाराहरुको व्यापक अनुगमन गरि आ.ब २०७५।०७६ मा ३१ जना ग्राहकहरुबाट रु. ३,००,४२० थप महशुल संकलन
- बोर्डको नीति अनुरुप थप महशुल बापत संकलित रकममध्ये २० प्रतिशत रकम अनुगमनमा खटिएका कर्मचारीहरु र सूचना दिने ब्यक्तिहरुलाई प्रोत्साहन स्वरुप प्रदान गरिएको ।
- बोर्डमा आवद्ध सबै खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु, भरतपुर महानगरपालिका क्षेत्र भित्र खानेपानी सञ्चालन ब्यबस्थापन गर्ने अन्य केहि उपभोक्ता समितिका अध्यक्षहरु, केहि वडाका वडा अध्यक्ष र यसै बोर्डका बोर्ड सदस्यहरु समेतको सहभागिता रहेको खानेपानी सुरक्षा योजना सम्बन्धि एक दिने छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको ।
- बोर्डका सहायक प्रशासन अधिकृत, वरिष्ठ लेखा सहायक, महशुल फाँट अन्तर्गतका अन्य कर्मचारीहरु र मिटर रिडिङ्ग । गर्ने कर्मचारीहरुलाई खानेपानी महहशुल बिलिङ्ग, एकाउन्टिङ्ग तथा स्टक मेनेजमेन्ट सम्बन्धि खानेपानी महशुल सम्बन्धि बिलिङ्ग सफ्टवेयर, ई सेवा प्रणाली र खानेपानी सुरक्षा योजना सम्बन्धमा अवलोकन भ्रमणका लागि लेखनाथ खा.पा.यो. र दमौली खा.पा.यो. मा अवलोकन भ्रमणमा पठाईएको ।

## खानेपानी सुरक्षा योजना (Water Safety Plan)

- वोर्डका कार्य समिति सदस्यको संयोजकत्वमा भरतपुर महानगरपालिका, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, वडा अध्यक्ष, वोर्डमा आवद्ध स्थानिय उपभोक्ता समितिका प्रतिनिधिहरुको प्रतिनिधित्वमा एक खानेपानी सुरक्षा टोलीको गठन गरि समय समयमा बैठक, छलफल तथा अन्तक्रियाहरुको आयोजना ।
- वोर्डका कर्मचारीहरुको तहमा एक खानेपानी सुरक्षा सम्बन्धि प्राविधिक टोलीको गठन गरि वोर्डको सेवा प्रणालीमा नियमित अनुगमन गर्ने गरिको र कहि कतै खानेपानी प्रदुषण सम्बन्धि शंका भएको वा जानकारी आएको बखतमा तत्काल छानविन गरि प्रदुषण रोकथाम गरिएको ।
- खानेपानी सुरक्षा सम्बन्धि प्राविधिक टोली लगायत वोर्डका विभिन्न पम्प स्टेशनमा कार्यरत पम्प अपरेटरलाई पानी सुरक्षा योजना सम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रमको आयोजना ।
- २०७६ जेष्ठ महिनामा जिल्ला जनस्वास्थ्य कार्यालय, भरतपुरबाट गरिएको जिल्ला भित्रका बिभिन्न खानेपानी आयोजनाहरुको खानेपानीको नमुना संकलन तथा खानेपानी परीक्षणका क्रममा भरतपर १३ मा अवस्थित पटिहानी खानेपानी आयोजनाको नमुनामा कोलीफर्म जीवाणु भेटिएको भनि जानकारीमा आएको र यस बोर्ड मार्फत तत्काल उक्त आयोजना बाट वितरित खानेपानीको नमुना पुन परीषण गर्दा कोलीफर्म जीवाणु नरहेको पाईएको ।
- जिल्ला स्थित WASH सेक्टरको नियमित वैठकमा उपस्थित जनाउदै बाढी पैरो जस्ता प्राकृतिक बिपत्तिका कारण हुन सक्ने खानेपानी प्रदुषण जोखिम न्युनिकरण र तात्कालिन अबस्थामा अपनाउनु पर्ने पूर्ब तयारीका बिषयमा छलफल ।
- मालपोतचोक, रिजालचोक र आँपटारीमा Dosing Pump सहितको क्लोरिनेसन युनिट र भरतपुर, कृष्णपुर र नगरपालिका स्टेशनमा Gravity Flow Mechanism बाट क्लोरिनेसन गर्ने ब्यवस्था मिलाईएको ।
- गुणस्तर अनुगमनको लागि ३० जना ग्राहकहरुको धाराबाट मासिक रुपमा पानीको नमुना संकलन गरि गुणस्तर (धमिलोपना, पि.एच., रेजिड्युवल क्लोरिन, कोलिफर्म ब्याक्टेरीया) परिक्षण ।
- परिक्षणको नतीजा नियमित रुपमा बोर्डको वेभसाईट www.bwsmb.org.np मा राखिएको ।
- बोर्ड अन्तर्गतको पाईप सञ्जालमा कहि कतै पाईप फुटेर बाहिरको प्रदुषित पानी बितरण सञ्जालमा प्रबेश गर्न सक्ने स्थानहरुमा खानेपानी सुरक्षा टोली तत्कालै परीचालित भएको ।

## आ.व.२०७६।०७७को नीति तथा कार्यक्रमः

भरतपुर महानगरपालिका क्षेत्र भित्र खानेपानी सेवालाई प्रभावकारी तवरले सञ्चालन र ब्यबस्थापन गरि महानगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउनका लागि भरतपुर खानेपानी ब्यबस्थापन बोर्डले यस आ.ब.मा देहायको नीति र कार्यक्रम प्रस्ताव गरेको छ :

### नीति

१. महानगरपालिका क्षेत्रभित्रको भुमिगत जल उपयोगको लागि "भुमिगत जल उपयोग कार्यबिधि" तयार गरि प्रभावकारी कार्यान्वयन गर्ने ।

२. बोर्डको सेवा क्षेत्रभित्र हालको दैनिक पानी बितरण अवधिलाई क्रमश: बृद्धि गर्दै निरन्तर बितरण प्रणालीतर्फ उन्मुख हुने ।

३. बोर्डमा हाल कायम रहेको खानेपानी महशुल लगायत अन्य सेवा बापतको दरमा समयसापेक्ष पुनरावलोकन गरि ग्राहकहरुलाई थप प्रभावकारी, भरपर्दो र सुलभ सेवा प्रदान गर्ने ।

४. हालसम्म पनि खानेपानीको सेवा नपुगेका, सुख्खाग्रस्त, पिउने पानीको बैकल्पिक श्रोत बिहिन र बिकट तथा खानेपानीको श्रोत अभावका कारण सेवा बिस्तार हुन नसकेका गाँउ र बस्तीहरुमा श्रोत ब्यबस्थापन महानगरपालिका सँग समन्वय गर्दै प्राथमिकताका आधारमा खानेपानीका आयोजनाहहरु निर्माण गर्ने ।

५. जिल्ला स्थित केन्द्र सरकार मातहतको संघीय खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, प्रदेश सरकार मातहतको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र स्थानीय सरकार अन्तर्गतको महानगरपालिका र वडा कार्यालयहरु बिच आपसि समन्वय गरी आन्तरीक साझेदारिको सिद्धान्तका माध्यमका साथै बाह्य अन्य स्वदेशी र बिदेशी दातृ निकाय एबं सहयोग लगानी नियोगहरु सँग समेत आर्थिक र प्राबिधिक सहयागको लागि पहल र प्रयास गर्ने ।

६. व्यवस्थित पाईप प्रणाली सहितको खानेपानीको पहुँच भएर पनि सेवा नलिईरहेका महानगरबासीहरुमा सचेतनामुलक कार्यक्रमहरुको माध्ययमबाट सेवा प्रयोगमा उत्प्रेरणा जगाउने ।

७. भरतपुर महानगरपालिकाको समग्र क्षेत्रभित्र पिउने पानीको गुणस्तर र महशुल दरमा एकरुपता कायम गर्न उपभोक्ताहरु स्वयंबाट संचालन व्यवस्थापन गरिदै आएका खानेपानी योजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिसँग वार्ता प्रक्रियाद्धारा बोर्डको स्वामित्वमा ल्याउने र उक्त आयोजनाको सञ्चालन व्यवस्थापन सम्वन्धि जिम्मा वोर्डले लिने ।

८. बिगत लामो समय देखि कार्यान्वयनमा रहेको यस बोर्डको हालको खानेपानी महशुल दर लगायत अन्य सेवा वापतको शुल्कमा बोर्डको आबश्यकता अनुसार समय सापेक्ष पुनरावलोकन गर्दै सेवालाई थप सुधार सहित प्रभावकारी बनाउने ।

९. यस बोर्ड मार्फत उत्पादन र बितरण गरिने खानेपानीको गुणस्तरलाई थप सुनिश्चित र विश्वसनीय बनाउन खानेपानी परीक्षण प्रयोगशालालाई पर्याप्त उपकरण तथा रसायन सहित सुबिधा सम्पन्न बनाउने र खानेपानी सुरक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने ।

१०. बोर्ड अन्तर्गतको खानेपानी महशुल लगायत अन्य सेवालाई समयसापेक्ष प्रबिधिमैत्री बनाई ग्राहकहरुले प्रबिधिको अधिकतम उपयोग गर्न सक्ने बातावरण सिर्जना गर्दै सेवा सँग सम्बन्धित सबै बिवरण, प्रतिवेदन र आर्थिक कारोवारलाई चुस्त दुरुस्त राख्न नविनतम र आधुनिक प्रबिधिको प्रयोग गर्ने ।

## कार्यक्रम

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ बमोजिम यस बोर्डको उद्देश्य र जिम्मेवारी अनुरुप खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित  भरपर्दो बनाउन भरतपुर खानेपानी व्यवस्थापन बोर्डले विगतका वर्षहरुमा जस्तै यस आ.ब.मा पनि निम्न अनुसारका कार्यक्रमहरुलाई निरन्तरता दिँदै थप केही कार्यक्रमहरु गरीने छ ।

- हाल मौजुदा खानेपानी भण्डार क्षमता ज्यादै न्युन रहेकोले आवश्यक श्रोत जुटाई भण्डार क्षमतालाई क्रमशः वृद्धि गर्दै लैजाने
- बोर्डको भरतपुर १०, पुनम चोक निकट कार्यालय परीसर भित्र रहेको ४०० घन मिटर क्षमताको पानी भण्डारण गर्ने स्टीलको ट्याङ्कीको सेवा अवधि करीव पुरा भैसकेकोले र बिकल्प स्वरुप क्षमता बृद्दि सहितको नयाँ निर्माण गर्ने ।
- पानीको बहाबको चाप बृद्धिका लागि उपयुक्त स्थानमा आवश्यक जग्गाको व्यवस्थापन गरी पानीको श्रोतहरु थप गर्ने ।
- खानेपानी सुविधाको लागि अत्याधिक अभावग्रस्त, बैकल्पिक श्रोतहरु नभएका र उपभोक्ताहरुवाट माग भई आएका, क्षेत्रहरुमा सम्बन्धित वडा कार्यालयहरु सँगको सहकार्यमा आवश्यकता अनुसार नँया पाईपलाईन थप विस्तार गर्दै सेवाको पहुँच पुर्‍याउने
- तात्कालिन खानेपानी तथा ढल निकास विभाग मार्फत वि.सं २०३३ साल देखी बिच्छ्याइएका अति पुराना र जीर्ण पाईप लाईनहरु (नारायणगढको मेन रोड मार्ग, बीरेन्द्र क्याम्पस चोक देखि बिशाल चोक मार्ग, दुर सञ्चार मार्ग, शहिद चोक देखि बेलचोक लगायत) रहेको यस बोर्डको पाईप सञ्जालभित्रका पाईपहरुलाई क्रमशः बिस्थापन गरी नयाँ ब्यबस्था गर्दै जाने ।
- तात्कालिन अवस्थाका सडक चौडाईको मापदण्डका आधारमा बिच्छ्याईएका धेरै जसो पाइपलाईनहरु हाल नयाँ कायम गरिएका सडक चौडाईको मापदण्डका कारण धरैजसो कालोपत्रे सडकको तलपट्टि परेका र हाल सडक बिस्तार, सडक ढल र पेटी निर्माण गर्ने कार्य तिब्र रहेकाले धरै पाईपहरु काटिएर चुडिएर क्षति हुने गरेकोले सम्बन्धित निकायहरुसँग साझेदारी गरी त्यस्ता पाईपहरु लाई प्रतिस्थापना गर्दै जाने ।
- हालको सेवा प्रणालीमा सेवा क्षेत्रलाई कन्ट्रोल भल्भको ब्यबस्थापन गरी निश्चित क्षेत्रहरुमा बिभाजन गरी ठूला प्रकृतिका मर्मतको अवस्थामा पनि उक्त क्षेत्रको मात्र सेवा अवरुद्ध गरी अन्य क्षेत्रहरुमा सेवा लाई निरन्तरता दिन सकिने ब्यबस्था गर्ने ।
- बोर्ड मार्फत दैनिक उत्पादन हुने गरेको पानीले पानीको दैनिक मागलाई परिपुर्ति गर्न नसकिरहेको अवस्थामा उक्त पानीको मागलाई परिपुर्ति गर्न पानीको श्रोतहरु (नगर प्लटीङ्ग बिकाश चोक, त्रिचोक, जि.स.स हाता भित्र, क्षेत्रपुर) व्यवस्थापन गर्ने ।

- यस बोर्ड अन्तर्गतको खानेपानी पाईप सञ्जाल र अन्य संरचनाहरूको नक्शाङ्कन र अभिलेख नभएकोले जि.आई. एस. प्रणालीमा आधारित डिजिटल नक्शाङ्कन तयार गरि अध्यावधिक गर्ने ।
- पानीको गुणस्तरमा सुधार सहित थप बिश्वसनियताका लागि खानेपानी परीक्षण प्रयोगशालालाई प्रयाप्त उपकरण तथा रसायन सहित सुबिधा सम्पन्न बनाउने र खानेपानी शुरक्षा योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- महानगरपालिका क्षेत्रभित्रका अत्यावश्यकिय र मानिसहरुको वढी चहलपहल हुने स्थान र चोकहरुमा आवश्यक जग्गाको ब्यबस्था गरी ब्यवस्थित सार्वजनिक शौचालयहरु निर्माण गर्ने ।
- खानेपानी सुविधाको लागि बैबल्पिक श्रोत नभएका, अत्याधिक अभावग्रस्त क्षेत्रहरु, पाईपलाईन नपुगेका सडक वस्तीहरुका उपभोक्ताहरुवाट खानेपानीको माग भई आएमा सम्बन्धित वडा कार्यालयहरु समेतको साझेदारीमा पाईपलाईन विस्तार गर्ने ।
- उपभोक्ताहरु स्वयंबाट संचालन ब्ययबस्थापन गरिदै आएका फुलबारी, सुक्रनगर १,२ र ३, रामनगर खानेपानी आयोजनाहरु बोर्डमा हस्तान्तरण हुन चाहेमा सम्बन्धित वडा र उपभोक्ता समितिसँग वार्ता र संझौता गरि बोर्डको स्वामित्वमा ल्याउने र उक्त आयोजनाको सञ्चालन व्यवस्थापन वोर्डले गर्ने ।
- नेपाल सरकार अन्तर्गतको जिल्ला स्थित तात्कालिन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भरतपुर, चितवनवाट बिगतका वर्षहरुमा शुरु गरिएका फुलवारी, शिवनगर, पार्बतीपुर, शारदानगर र शुक्रनगर १, २ र ३ खानेपानी आयोजनाहरु त्यसको संचालन व्यवस्थापन जिम्मा वोर्डले लिने ।
- आ.व. २०७३।०७४ देखि कार्यक्रममा समावेश भएका जखडीमाई, मंगलपुर १५, १६ डिप वोरिङ्ग, मंगलपुर, कैलाशनगर, गितानगर, देवनगर र आनन्दपुर लगायतका खानेपानी आयोजनाहरुको सुधार विस्तार र निर्माणको लागि आवश्यक पर्ने जग्गा लगायत स्थानिय श्रोत साधन जुटाउने कार्यमा सम्बन्धित वडाहरुसंगको सहयोग र समन्वयमा प्रदेश सरकार मातहतको खा.पा. तथा स.स.डि.का. तथा केन्द्र सरकार मातहतको खानेपानी तथा ढल ब्यबस्थापन आयोजनासंग सहकार्य गर्ने ।
- महानगरपालिका भित्रका विभिन्न टोल विकास संस्थाहरु, स्थानीय क्लब र गै.स.स.को सहयोग र सहकार्यमा प्रदुषण रोकथाम, चुहावट नियन्त्रण, पूर्ण सरसफाई, वातावरणमैत्री वार्ड र टोल घोषणा, ग्राहक सचेतना जस्ता स्वास्थ्य तथा सरसफाई सम्वन्धित प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरी वोर्ड र सेवाग्राही विच निकटतम सम्वन्ध कायम गर्ने ।
- विगतका बर्षहरुमा जस्तै भरतपुर महानगरपालिकासंगको समन्वय र सहकार्यमा फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यकमहरु सञ्चालन गर्दै ठोष तथा तरल फोहर व्यवस्थापनमा गर्ने ।
- भरतपुर महानगरपालिकासँगको समन्वय र सहकार्यमा स्वच्छ पिउने पानी, स्वास्थ्य तथा सरसफाई, वातावरण सुधार र संरक्षण सम्बन्धि आवश्यक नीति नियमावली तथा कार्यबिधि बनाउने र कार्यान्वयन गर्ने ।
- भान्सा घरबाट उत्पादन हुने जैविक ठोस पदार्थको प्रशोधन गरी कम्पोष्ट मल बनाउने घरेलु प्रबिधिको प्रोत्साहनका लागि ग्राहकहरुबाट माग भई आएमा ५० प्रतिशत कायार्लको तर्फबाट ब्याहोर्ने गरी कम्पोष्ट च्याम्बर उपलब्ध गराउने ।

## भरतपुर खानेपानी प्रणालीका प्रमुख सूचकहरु

### औसत खपत अंकः

**उपलब्ध बिबरण**:

आ.ब. २०७४/०७५ आषाढ मसान्तको ग्राहक संख्या २५०८५ मध्ये ठेगाना पत्ता नलागेका ७५४ गरी बाँकी २७३३१

आ.ब. २०७५/०७६ आषाढ मसान्तको ग्राहक संख्या २८३३१ मध्ये ठेगाना पत्ता नलागेका ७३४ गरी बाँकी २७५९७

आ.ब. २०७३/०७४ आषाढ मसान्तको कुल पानी खपत रु. ४६७५६४५ इकाई

आ.ब. २०७४/०७५ आषाढ मसान्तको कुल पानी खपत रु. ५५२३५६७ इकाई

आ.ब. २०७५/०७६ आषाढ मसान्तको कुल पानी खपत रु. ५९७१२१३ इकाई

आ.ब. २०७४/०७५ आषाढ मसान्तको कुल बिलिङ्ग रकम रु. ८५७४८४९९

आ.ब. २०७५/०७६ आषाढ मसान्तको कुल बिलिङ्ग रकम रु. ९२७१६०३३

**उपरोक्त बिबरणका आधारमा**

आ.ब. २०७५।०७६ मा मिटर अङ्क रिडिङ्गको आधारमा प्रति ग्राहक प्रति महिना औसत खपत अंक १९.५४ युनिट र बिलिङ् को आधारमा २१.४० युनिट छ । गत बर्ष पनि यो अंक क्रमश: २०.२२ र २१.८९ नै थियो । आ.ब. २०७५३।०७६ को चुहावट दर गत आ.व. भन्दा १ प्र.श. ले घटेर २४ प्रतिशत रहेको छ ।

## औसत बिलिङ्ग रकमः

यस बर्ष प्रति ग्राहक प्रति महिना औसत बिलिङ रकम रु.३१४.०० हुने अनुमान गरि महशुल अनुमान गरिएकोमा यथार्थ बिलिङ रकम रु.२९४.८८ रहेको छ । यसरि यथार्थ विलिङ्ग कम हुनुको प्रमुख कारण ग्रामीण भेगमा पाईप लाईन विस्तार भएको र त्यस्ता क्षेत्रमा प्राय ग्राहकहरुको खपत युनिट दर न्युनतम रहेको पाईएको छ ।

## महशुल असुली तथा बक्यौताको स्थितिः

२०७६ साल आषाढ मसान्तमा विभिन्न ग्राहकहरुबाट रु. १ करोड ९७ लाख ७८ हजार ०७९ खानेपानी महशुल वापतको रकम उठ्न बाकी रहेको छ । यो रकममध्ये करीब रु. २०,००,०००।- अघिल्ला बर्षहरुको बक्यौता रकम हो । अघिल्ला बर्षहरुको बक्यौता रकममध्ये ग्राहक कायम भएका तर घर ठेगाना फेला पर्न नसकेका, घर जग्गा बेचेर अन्यत्र गएका, धारा फेला पर्न नसकेका र कार्यालय नै बन्द भईसकेका सरकारी कार्यालयहरु, ग्राहकको नम्बर दोहोरिएका, लागत कट्टा भई सकेका ग्राहकको पनि न्युनतम बिलिङ् भईरहेको आदी कारणहरुले ७३४ ग्राहकहरुबाट रु. ६ लाख बक्यौताको रुपमा रहि आएको छ । यस प्रकृतिको बक्यौता बोर्डबाट निर्णय गरि लागतबाट हटाउन मनासिब देखिन्छ । यस हिसावले करिव १४ लाख रकम यस आ.व.मा बक्यौताको रुपमा उठ्न बाकि देखिन्छ ।

विशेष गरी वडा नं. १, २, ३,४ र १० का पुराना ग्राहकहरुबाट बढि मात्रामा महशुल उठन बाँकी छ । यस आर्थिक बर्षको अन्तमा करीव दुई महिनाको बिल बराबरको रकम उठ्न बाँकि देखिएको छ ।उक्त महशुल रकम भुक्तानीका लागि ग्राहकहरुलाई दुई महिनाको अवधि छुट दिईएको छ । यसबाट महशुल असुलीमा विगतको भन्दा सुधार भएको देखिन्छ । यस प्रणालीका प्रमुख सूचकहरु (Key Performance Indicators) तयार गरिएको छ । उक्त सूचकहरुको सारांश यस प्रकार छ ।

# प्रमुख सूचकहरु (Key Performance Indicators)

| विवरण | आ.ब. | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | २०७१।०७२ | २०७२।०७३ | २०७३।०७४ | २०७४।०७५ | २०७५।०७६ | |
| औषत ग्राहक संख्या (१/२" ) | 16715 | 18154 | 20307 | २२७६५ | २५४७२ | |
| सेवा पुगेको जनसंख्या | 105000 | 115000 | 133883 | १५१२५३ | १६०००० | |
| सेवा पुगेको जनसंख्या, प्रतिशत | 45 | 48 | 39 | ४३ | ४४.१ | |
| दैनिक सरदर पानी उत्पादन, मिलियन लिटर | 16 | 16=7 | 18=7 | २०.५ | २१.७३ | |
| दैनिक सरदर पानी विक्री, मिलियन लिटर | 11=2 | 11=77 | 13=5 | १५.३४ | १६.५९ | |
| मिटर भएको धाराको प्रतिशत | 99 | 99.5 | 99=5 | ९९.५ | ९९.५ | |
| चुहावट, प्रतिशत | 30 | 26 | 25 | २५ | २४ | |
| पानी सप्लाई समय, घण्टा | 10 | 11 | 12 | १२ | १२ | |
| पानी नचल्ने धाराहरुको प्रतिशत | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | |
| प्रति ब्यक्ति उत्पादन, बिक्रि, लिटर | 160/111 | 158/117 | 159/123 | १५५/१२५ | १४६ /१२२ | |
| प्रति युनिट इन्धन दर रु. (जेनरेटर सहित) | 7.44 | 7.20 | 7.63 | ८.०१ | ८.०९ | |
| प्रति ग्राहक औषत खपत (रिडिङ अनुसार।बिल अनुसार) | 18/20 | 19/20 | 19.94/ 21.47 | २०.२२/ २१.८९ | १९.५४/२१.४० | |
| प्रति युनिट पानी सप्लाईमा लाग्ने खर्चहरु | | | | | | |
| ईन्धन खर्च, रु. | 3.68 | 3.58 | 3.83 | ३.८९ | ३.९६ | |
| कर्मचारी खर्च रु. | 3.27 | 3.33 | 3.61 | ३.४४ | ३.७२ | |
| प्रशासनिक खर्च रु. | 0.71 | 0.71 | 0.67 | ०.६७ | ०.७१ | |
| मर्मत संभार, खर्च रु. | 0.94 | 1.06 | 1.35 | ०.९५ | १.०५ | |
| नियमित सुधार विस्तारमा लगानी, रु. | 5.94 | 6.54 | 6.39 | ११.३० | ९.२९ | |
| जम्मा प्रत्यक्ष खर्च, रु. | 14.54 | 15.22 | 15.85 | २०.२५ | १८.७३ | |
| अप्रत्यक्ष खर्च (उपदान, ऋण, सापटी र ह्रासकट्टी) रु. | 3.26 | 3.27 | 3.22 | ३.०९ | ३.०७ | |
| प्राबिधिक परामर्श र बिभिन्न छुटहरु, रु. | | | | ०.४३ | ०.४२ | |
| ऋणको साँवा व्याज रु. | 2.26 | 2.17 | 2.39 | १.६७ | १.९७/५.४६ | |
| जम्मा खर्च रु. | 20.06 | 20.66 | 21.46 | २५.४४ | २४.१९ | |
| प्रति यूनिट आम्दामी | | | | | | |
| पानी महशुल, रु | 13.07 | 14.48 | 14.97 | १५.५३ | १५.०९ | |
| अन्य आम्दामी, रु. | 2.84 | 3.31 | 4.82 | ४.३८ | ३.४६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा आम्दानी (प्रति युनिट) रु | 15.91 | 17.79 | 19.79 | १९.९१ | १८.५५ | |
| प्रति युनिट घाटा रु | 4.15 | 2.87 | 1.67 | **५.५३** | ५.६४ | |
| प्रति ग्राहक प्रति महिना लाग्ने संचालन खर्चहरु | | | | | | |
| ईन्धन खर्च, रु. | 74.65 | 69.64 | 76.42 | ७८.५७ | ७७.५३ | |
| कर्मचारी खर्च रु. | 66.49 | 64.86 | 72.11 | ६९.६८ | ७२.८१ | |
| प्रशासनिक खर्च, रु. | 13.48 | 13.82 | 13.36 | १२.५१ | ११.११ | |
| मर्मत संभार, केमिकल र अन्य खर्च रु. | 19.71 | 20.63 | 25.56 | २५.३८ | २८.९२ | |
| जम्मा संचालन खर्च, रु. | 174 | 169 | 187 | **१८६.१४** | १९०.३७ | |
| प्रति ग्राहक प्रति महिना लाग्ने ओभरहेड खर्चहरु | | | | | | |
| कर्मचारी विदा तथा उपदान खर्च, रु. | 2.85 | 3.67 | 6.15 | ५.४९ | ११.८७ | |
| वितरण लाईन तथा उत्पादन क्षमता विस्तारमा लगानी | 120.58 | 127.31 | 127.44 | २२८.६२ | १६१.९२ | |
| सापटी फिर्ता, ऋणको साँवा ब्याज भुक्तानी, रु. | | | | | | |
| ह्रासकट्टी खर्च, रु. | 63.68 | 59.88 | 54.98 | ५०.९५ | ४८.११ | |
| खानेपानी महशुल निर्धारण आयोगको सेवा शुल्क, रु. | 1=00 | 2.44 | 2.56 | २.७३ | २.७६ | |
| जम्मा ओभरहेड खर्च रु. | 188 | 193 | 191.13 | २८७.७९ | २२४.६६ | |
| कुल जम्मा खर्च, प्रति ग्राहक प्रति महिना रु. | 362 | 362 | 378.13 | ४७३.९३ | ४१५.०३ | |
| प्रति हजार ग्राहक बराबर कर्मचारी संख्या | 3.05 | 2.77 | 2.14 | २.१ | **१.९६** | |
| प्रति ग्राहक प्रति महिना औषत आम्दामी, रु. | | | | | | |
| महशुल आम्दामी, रु. | 265 | 287 | 298.60 | ३१४ | २९४.८८ | |
| अन्य आम्दामी, रु. | 57.6 | 64 | 96.19 | ८८.६७ | ६७.५९ | |
| जम्मा आम्दामी, रु. | 323 | 351 | 394.79 | ४०२.६७ | ३६२.४७ | |
| प्रति ग्राहक घाटा, रु. | -40 | -11 | -16.66 | **-७१.२६** | **-५२.५६** | |
| संकलन अवधि, दिन | 60 | 60 | 60 | **६०** | **६०** | |

## अनुसूची १

महशुल निर्धारण आयोग वाट २०७० फाल्गुन १ गते बाट लागु हुने गरी निर्धारण गरिएको भरतपुर खानेपानी व्यवस्थापन वोर्डको नयाँ महशुल दर

| पाईप साइज | धारा किसिम | मिटर भएका धारा | | |
|---|---|---|---|---|
| | | न्यूनतम खपत लिटर | न्यूनतम महशुल दर रु. | बढी खपत महशुल दर रु. (प्रति हजार लिटर) |
| | | | कायम गरिएको | कायम गरिएको |
| १/२” | निजि/घरायसी | १०००० | १०० | १८ |
| १/२” | संस्थागत | १०००० | १३५ | २० |
| ३/४” | निजि,संस्थागत | २७००० | ९७५ | ३० |
| १” | निजि,संस्थागत | ५६००० | २०२० | ३० |
| पाईप साइज | धारा किसिम | मिटर नभएको धाराहरु | | थप शाखा धाराहरु |
| १/२” | निजि/घरायसी | २४००० | ८१० | ३०० |
| १/२” | संस्थागत | २४००० | १०८० | ५०० |
| ३/४” | निजि, संस्थागत | ६५००० | २७०० | २००० |
| १” | निजि, संस्थागत | १३५००० | ५४०० | ३३०० |

## अन्य सेवा शुल्कहरू

| क्र. सं. | विवरण/आय शिर्षक | कायम गरिएको दर रू. |
|---|---|---|
| १ | निवेदनशुल्क | २००.०० |
| २ | धारा जडान शुल्क (क) | ५०००.०० |
| ३ | नामसारी शुल्क, अंशवण्डा बाट प्राप्त गर्दा | ५००.०० |
| ४ | नामसारी शुल्क, अन्य तरिकाबाट प्राप्त गर्दा | १०००.०० |
| ५ | ठाउँसारी | २७००.०० |
| ६ | होलचेन्ज दस्तुर | ५००.०० |
| ७ | १/२” जि.आई. पाईप | परल मुल्य |
| ८ | मिटर बिक्री, १/२” (ख) | परल मुल्यमा १०% सेवा शुल्क लिई बिक्री गरिने |
| ९ | फेरुल बिक्री,१/२” (ग) | परल मुल्यमा १०% सेवा शुल्क लिई बिक्री गरिने |
| १० | ग्रहक कार्ड बिक्री | १०.०० |
| ११ | ग्रहक नम्बर प्लेट दस्तुर | १००.०० |

(क) १/२ ” भन्दा ठूलो धाराको हकमा जडान खर्च, धरौटी, नामसारी, ठाउँसारी र होलचेन्ज शुल्क लिँदा १/२ ” धाराको दररेटमा ३/४ ” र १” को लागि क्रमश: २.२५ र ४.०० ले गुणा गरि लिईनेछ ।

(ख) ग्राहकहरुले गुणस्तरीय मिटर बजारबाट समेत खरिद गर्नसक्ने ।

(ग) ग्राहकहरुले गुणस्तरीय फेरुल बजारबाट समेत खरिद गर्नसक्ने ।